२०६६, फागुन - १

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष १८, अङ्क २१ | २०६६, फागुन – १ | पूर्णाङ्क ४२३



प्रकाशक

# सर्वोच्च अदालत
## रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२६५१ (सम्पादन), २६५० (छापाखाना), २१०९ (बिक्री)
फ्याक्स: ४२६२८७८, पो.ब.नं. २०४३८
**Email:** infor@supremecourt.gov.np, Web: www.supremecourt.gov.np



## सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री प्रकाश वस्ती | - अध्यक्ष |
| सहरजिष्ट्रार श्री विपुल न्यौपाने | - सदस्य |
| सम्पादक श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा | - सचिव |

**सम्पादन शाखामा कार्यरत कर्मचारीहरू**

कम्प्युटर अधिकृत श्री शम्भुप्रसाद आचार्य
मुद्रण अधिकृत श्री उत्सव कान्छा महर्जन
ना.सु. श्री कृष्णवहादुर गुरुङ
डि. श्री सरस्वती खड्का
कम्प्युटर अपरेटर श्री बिदुषी रायमाझी
कार्यालय सहयोगी श्री कृष्णवहादुर श्रेष्ठ


**२०६६ फागुन १ देखि १५ सम्म विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | २ |
| पूर्ण इजलास | २ |
| संयुक्त इजलास | ५ |
| इजलास नं. १ | २ |
| इजलास नं. २ | २० |
| इजलास नं. ३ | ४३ |
| इजलास नं. ४ | ६ |
| इजलास नं. ५ | ४ |
| इजलास नं. ६ | १ |

| | |
|---|---|
| इजलास नं. ७ | २५ |
| इजलास नं. ८ | २ |
| इजलास नं. ९ | ९ |
| इजलास नं. १० | २१ |
| एकल इजलास | १ |
| **जम्मा** | १४२ |

**यो समाचार बुलेटिन हो । निर्णय संक्षेपीकरण गर्दा इजलासले नै प्रयोग गरेका शब्द यहाँ नपरेका पनि हुन सक्दछन् । यहाँ उल्लिखित निर्णयहरूको नक्कल लिन सकिनेछ ।**

**२०६६ साल फागुन १ देखि १५ गतेसम्म मुद्दाको लगत फछ्र्यौट विवरण**

| क्र.सं | बिषयगत मुद्दा | | लगत | | | फछ्र्यौट संख्या | बांकी |
|---|---|---|---|---|---|---|---|
| | | | जिम्मेवारी सरेको | यस वर्ष परेको | जम्मा | | |
| 1= | पुनरावेदनपत्र | देवानी पुनरावेदन | ३६५२ | ७३५ | ४३८७ | १२२९ | ३१५८ |
| 2= | | फौजदारी पुनरावेदन | २३६८ | ४९२ | २८६० | ७२८ | २१३२ |
| 3= | | देवानी पूर्ण इजलास | ६७ | १० | ७७ | ६२ | १५ |
| 4= | | फौजदारी पूर्ण इजलास | ३६ | ४ | ४० | ३३ | ७ |
| 5= | रिट निवेदन | वन्दीप्रत्यक्षीकरण | ३ | ४० | ४३ | ३८ | ५ |
| 6= | | साधारण रिट | २६०१ | ७८५ | ३३८६ | ८९२ | २४९४ |
| 7= | | पूर्ण रिट | १० | ३ | १३ | ५ | ८ |
| 8= | | विशेष रिट | ६४ | ३२ | ९६ | ३९ | ५७ |
| 9= | साधक | साधक | ८८ | ४३ | १३१ | ६२ | ६९ |
| 10= | दोहोर्‍याई पाऊँ | दोहोऱ्याई पाऊँ देवानी | १०९४ | ५६३ | १६५७ | ७८३ | ८७४ |
| 11= | | दोहोऱ्याई पाऊँ फौजदारी | ३६४ | १९५ | ५५९ | २८५ | २७४ |
| 12= | पुनरावलोकन | पुनरावलोकनको निवेदन | ४५१ | ३०५ | ७५६ | १३१ | ६२५ |
| 13= | अनुमति | पुनराबेदनको अनुमति निवेदन | १०५ | २३ | १२८ | २९ | ९९ |
| 14= | विविध | विविध | ७२ | १४ | ८६ | २३ | ६३ |
| 15= | निवेदन प्रतिवेदन | निवेदन | १० | १७६ | १८६ | १२८ | ५८ |
| 16= | | प्रतिवेदन | १४ | १०८ | १२२ | ७३ | ४९ |
| | | जम्मा | १०९९९ | ३५२८ | १४५२७ | ४५४० | ९९८७ |

**२०६६ साल फागुन १ देखि १५ गतेसम्मको मुद्दातर्फको संख्यात्मक विवरण**

| | | | |
|---|---|---|---|
| (क) कार्यदिन | ८ | (ङ) आदेश संख्या | १७६ |
| (ख) पेशी चढेका मुद्दा संख्या | १४४२ | (च) फछ्र्योट संख्या | २५३ |
| (ग) कानून व्यवसायीद्वारा स्थगित भएका मुद्दा संख्या | ३०७ | (छ) हेर्न नभ्याएका | ५६९ |
| (घ) हेर्न नमिल्ने मुद्दा संख्या | १२६ | (ज) नि.सु. संख्या | ११ |

समूहकृत (अभियान) मुद्दाहरूको २०६६ फागुन १५ गतेसम्मको स्थिति

| समूह | कूल मुद्दा | फैसला | | | हेर्दाहेर्दै | नि.सु. | मेलमिलापमा गएको | वाँकी |
|---|---|---|---|---|---|---|---|---|
| | | अघिल्लो अवधिसम्म | यस अवधिसम्म | जम्मा | | | | |
| फौजदारी | ३६७ | १४७ | १३ | १६० | ३ | | | २०७ |
| देवानी | ११७८ | ७२९ | ८५ | ८१४ | २६ | | ९ | ३६४ |
| रिट/वाणिज्य | ३३६ | १९१ | ३० | २२१ | | | | ११५ |

**उद्धरणः** *सअ* बुलेटिन २०६... ... १ वा २ पूर्णाङ्क .... , पृष्ठ ....
(साल) (महिना)

**उदाहरणार्थः** *सअ* बुलेटिन, २०६६, फागुन- १, पूर्णाङ्क ४२३, पृष्ठ ११

का.जि.द.नं. ३९।०४९।०५०

**नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन**
**अब हाम्रो वेभसाइटमा उपलव्ध छन्**

ठेगाना

**www.supremecourt .gov.np**

- यो वेभसाइट खोलेपछि बायाँतर्फ **नेपाल कानून पत्रिका** तथा त्यसको तल **सर्वोच्च अदालत बुलेटिन**मा क्लिक गर्नुहोस् ।
- २०६६ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढन र अर्को निर्णय नभएसम्म निःशुल्क

**नेपाल कानून आयोगको वेभसाइटमा संविधान समेत हालसम्म २५० जति ऐनहरू र तीमध्ये १०० वटा जति ऐनको अंग्रेजी अनुवाद निःशुल्क पढन र डाउनलोड गर्न सकिनेछ ।**

ठेगाना

**www.lawcommission .gov.np**

मूल्य रु.१५।-

मुद्रकः सर्वोच्च अदालत, छापाखाना, रामशाहपथ, काठमाडौं ।

## विषयसूची


| क्र. सं. | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|
| | **विशेष इजलास** | **१** |
| 1: | अच्युतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | उत्प्रेषण समेत |
| 2: | अच्युतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | उत्प्रेषण समेत |
| | **पूर्ण इजलास** | **१-३** |
| 3: | सीयाराम महतो वि. पवित्रनारायण महतो | लेनदेन |
| 4: | गंगाबहादुर प्रधान वि. यमुनाबहादुर प्रधान | अंश चलन |
| | **संयुक्त इजलास** | **३- ४** |
| 5: | भुपेन्द्रप्रसाद पोखरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | उत्प्रेषणयुक्त परमादेश |
| 6: | कर्णबहादुर रसाइली वि. जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक समेत | परमादेश समेत |
| 7: | राजकुमार बस्ताकोटी वि.मधुराम लामिछाने समेत | उत्प्रेषणयुक्त परमादेश |
| 8: | कमलप्रसाद बास्कोटा समेत वि. जिल्ला जलस्रोत समिति जिल्ला विकास समितिको कार्यालय फिदिम समेत | उत्प्रेषण समेत |
| | **इजलास नं. १** | **४-५** |
| 9: | थलेश पूर्वे वि. नेपाल सरकार | भ्रष्टाचार |
| | **इजलास नं. २** | **५-१०** |
| 10: | नरेन्द्र भट्टराई वि. कृष्णबहादुर कुँवर | परमादेश |
| 11: | जीतप्रसाद द्वा समेत वि. हिरामान श्रेष्ठ | लेनदेन |
| 12: | हेमबहादुर प्रधान वि. हिरामान श्रेष्ठ | लेनदेन |
| 13: | विशाल श्रेष्ठ वि. जयबहादुर सुनुवार समेत | उत्प्रेषण |
| 14: | सीतादेवी अधिकारी वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत | उत्प्रेषण समेत |
| 15: | जितेन्द्र सिँह वि. बाँके जिल्ला अदालत नेपालगञ्ज समेत | उत्प्रेषण परमादेश |
| 16: | भुवनेश्वरालाल चौधरी समेत वि. चुनचुनलाल देव | जग्गा खिचोला |
| 17: | किस्नराज रेग्मी वि. दुर्गाकुमारी बस्नेत | घर उठाई जग्गा खिचोला |
| 18: | सत्यनारायण मानन्धर वि. ज्ञानमाया मानन्धर समेत | अंश चलन |
| 19: | जयलक्ष्मी मास्के समेत वि. ऋषिबहादुर भण्डारी समेत, ऋषिबहादुर भण्डारी समेत वि. विजयध्वज मास्के समेत | बाटो कायम |
| 20: | दुर्गाबहादुर लामा वि. नेपाल सरकार | नकवजनी चोरी |
| 21: | जगदिश चौधरी वि. कमली देवी खोटा चलन, धर्मेन्द्र साह वि. नेपाल सरकार | क्षेत्रफल सच्याई पाऊँ |
| 22: | दिलीपकुमार भट्ट वि. लम्बोदर मुनकर्मी | लगत कट्टा निर्णय बदर |
| 23: | राजेन्द्रकुमार डाँगी वि. जिल्ला प्रहरी कार्यालय भद्रपुर समेत | उत्प्रेषण परमादेश |
| | **इजलास नं. ३** | **१०-२०** |
| 24: | नेपाल सरकार वि. सवारीलाल चौधरी | कर्तव्य ज्यान |
| 25: | उर्मीला जोन्छे वि. मृगेन्द्र जोन्छे | अंशदर्ता |
| 26: | नेपाल सरकार वि. महमद अली मिया | कर्तव्य ज्यान |
| 27: | सोमराज सापकोटा वि. नेपाल विद्युत प्राधिकरण के.का. समेत | उत्प्रेषण परमादेश समेत |

| | | |
|---|---|---|
| 28= | कान्छीमाया च्वामू श्रेष्ठ वि. भूमिसुधार कार्यालय भक्तपुर समेत | उत्प्रेषणयुक्त परमादेश |
| 29= | प्रतिशेष, नगेन्द्रभगत श्रेष्ठ वि. भुवानीप्रसाद रोइला समेत | उत्प्रेषण परमादेश |
| 30= | सुरेन्द्रकुमार थापा मगर वि. घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय त्रिपुरेश्वर समेत | उत्प्रेषणयुक्त परमादेश |
| 31= | सुरेन्द्रकुमार थापा मगर वि. घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय समेत | उत्प्रेषणयुक्त परमादेश |
| 32= | जगदिश शर्मा चुडाल वि. आन्तरिक राजश्व कार्यालय धरान | आयकर |
| 33= | मेघराज सुवेदी वि. पदपूर्ति समिति घरेलु तथा साना उद्योग विकास समिति प्रधान कार्यालय समेत | उत्प्रेषण परमादेश |
| 34= | सुनील शम्सेर थापा वि. भैरव शम्सेर थापा समेत | जालसाजी |
| 35= | सुरेन्द्रकुमार थापा मगर वि. घरेलु तथा साना उद्योग विकास समिति प्रधान कार्यालय समेत | उत्प्रेषणयुक्त परमादेश |
| 36= | शिवबहादुर बस्नेत वि. ऋण असूली पुनरावेदन न्यायाधिकरण समेत | उत्प्रेषण परमादेश समेत |
| 37= | नारायणप्रसाद अधिकारी वि. शिक्षा मन्त्रालय केशरमहल समेत | उत्प्रेषण |
| 38= | रामकिशोर सिँह भूमिहार वि. खेहरू मण्डल धानुक समेत | निषेधाज्ञा |
| 39= | मनोज सिँह समेत वि. शैलकुमारी देवी | निषेधाज्ञा |
| 40= | बिकुमाया सैंजु समेत वि. प्रिमियर फिनान्स कम्पनी मानभवन समेत | निषेधाज्ञा |
| 41= | ज्योति पौडेल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत | परमादेश समेत |
| 42= | बाबुराम गिरी समेत वि.सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला समेत | परमादेश |
| 43= | दिलबहादुर लामा वि. नेपाल सरकार, नेपाल सरकार वि. दिलबहादुर लामा | कर्तव्य ज्यान |
| 44= | अनादिराज खनाल समेत वि. नेपाल टेलिकम समेत | उत्प्रेषणयुक्त परमादेश |
| 45= | हीराशोभा तुलाधर वि. कमलकाजी बानिया समेत | उत्प्रेषण परमादेश |
| 46= | भुवनराज भट्ट वि. सूचना तथा सञ्चार मन्त्रालय समेत | उत्प्रेषण परमादेश |
| 47= | नेपाल सरकार वि. कृष्णराज पन्त समेत | ठगी |
| 48= | विकुबहादुर बाडे वि. गणेशबहादुर खत्री समेत | उत्प्रेषण |
| 49= | जमुना कडायत वि. भूमिसुधार कार्यालय बर्दिया समेत | उत्प्रेषण समेत |
| 50= | रतिशचन्द्रलाल सुमन वि. नेपाल नागरिक उड्डयन प्राधिकरण के.का. समेत | उत्प्रेषण |
| 51= | आन्तरिक राजश्व कार्यालय बिराटनगर वि. पूजा इन्टरनेशनल बिराटनगर | आयकर |
| 52= | रत्नकुमारी थापा वि. भूमिसुधार कार्यालय समेत | उत्प्रेषण |
| 53= | रत्नकुमारी थापा वि. भूमिसुधार कार्यालय समेत | उत्प्रेषण समेत |
| | **इजलास नं. ४** | **२०-२१** |
| 54= | बीरबहादुर तामाङ वि. नेपाल सरकार | कर्तव्य ज्यान |
| 55= | भीमेन्द्रकुमार गोयल वि. काठमाडौँ जिल्ला अदालत समेत | वन्दीप्रत्यक्षीकरण |
| 56= | रामकृष्ण साह तेली वि. विद्यानन्द साह तेली | घर खाली गराई पाऊँ |
| 57= | ब्रजकिशोर यादव वि. लोकसेवा आयोगको कार्यालय समेत | उत्प्रेषणयुक्त परमादेश समेत |

| | | |
|---|---|---|
| **इजलास नं. ५** | | **२१-२२** |
| 58: | बिष्णुप्रसाद मैनाली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | उत्प्रेषणयुक्त परमादेश समेत |
| 59: | नेपाल सरकार वि. अजीज कवारी | ठगी |
| 60: | प्राणमती थरुनी वि. नारायणप्रसाद थारू (चौधरी) समेत | अपुताली |
| **इजलास नं. ६** | | **२२** |
| 61: | शिवबहादुर स्वाँर वि. नेपाल सरकार | भ्रष्टाचार |
| **इजलास नं. ७** | | **२३-३०** |
| 62: | सतीशकुमार चौधरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | उत्प्रेषण |
| 63: | हरिकृष्ण खत्री समेत वि. जिल्ला भूमिसुधार कार्यालय काठमाडौँ समेत | उत्प्रेषणमिश्रित परमादेश |
| 64: | कृष्णकुमार रायमाझी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | उत्प्रेषण मिश्रित परमादेश |
| 65: | किशोरकुमार झा समेत वि. जलस्रोत मन्त्रालय समेत | उत्प्रेषण |
| 66: | नेपाल सरकार वि. रामगोपाल अहिर समेत | रहजनी चोरी र ज.क. |
| 67: | नागेन्द्र चौधरी वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत | उत्प्रेषणयुक्त परमादेश |
| 68: | प्रमोदकुमार महतो वि. हरिप्रसाद भट्टराई समेत | उत्प्रेषणयुक्त परमादेश |
| 69: | चूडामणि सुवेदी वि. शिक्षक सेवा आयोग समेत | उत्प्रेषण समेत |
| 70: | विष्णु जैसी वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत | उत्प्रेषण |
| 71: | मिहिरकुमार ठाकुर वि. पुनरावेदन अदालत पाटन समेत | उत्प्रेषण |
| 72: | निर्मला रानाभाट वि. स्वास्थ्य सेवा विभाग टेकु समेत | उत्प्रेषण समेत |
| 73: | रेशमलाल लामिछाने वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत | उत्प्रेषण समेत |
| 74: | बैकुण्ठबहादुर जि.सी. वि. स्वास्थ्य सेवा विभाग टेकु समेत | उत्प्रेषण |
| 75: | कुलनारायण श्रेष्ठ वि. स्वास्थ्य सेवा विभाग टेकु समेत | उत्प्रेषण समेत |
| 76: | सौरभ राणा वि. प्रहरी प्रधान कार्यालय समेत | उत्प्रेषणयुक्त परमादेश |
| 77: | लक्ष्मीदेवी अधिकारी वि. पुनरावेदन अदालत नेपालगञ्ज समेत | उत्प्रेषण परमादेश |
| 78: | नेपाल सरकार वि. मीनबहादुर तामाङ | ज्यान मार्ने उद्योग |
| 79: | मनिफ कवारी वि. बुधनीदेवी यादव समेत | जग्गा निखनाई पाऊँ |
| 80: | गेहेन्द्रचन्द्र ढुङ्गेल वि. प्रहरी प्रधान कार्यालय नक्साल समेत | उत्प्रेषण |
| 81: | रामजी हमाल वि. शिक्षा मन्त्रालय विद्यालय शाखा समेत | उत्प्रेषणयुक्त परमादेश |
| 82: | यमुनादेवी चौधरी समेत वि. चन्द्रकान्त मण्डल समेत | उत्प्रेषण समेत |
| 83: | सीताराम पराजुली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत | क्षतिपूर्ति दिलाई भराइ पाऊँ |
| **इजलास नं. ८** | | **३०** |
| 84: | हरेन्द्र राउत अहिर समेत वि. हिरमतिया अहिर्नी समेत | अंश दर्ता |
| 85: | मनीराम कुर्मी वि. मौजेलाल कुर्मी | खिचोला |
| **इजलास नं. ९** | | **३०-३३** |
| 86: | रंगीलाल कुर्मी, वि. शत्रुधनप्रसाद कुर्मी | चलन चलाई पाऊँ |
| 87: | शितलप्रसाद बरै समेत वि. गौरीशंकर प्रसाद समेत | अंश दर्ता |
| 88: | मधुसुदन पुरी वि. नेपाल सरकार | भ्रष्टाचार |
| 89: | नेपालगञ्ज भन्सार कार्यालय वि. नरेश दुगढ | निषेधाज्ञायुक्त परमादेश |

| | | |
|---|---|---|
| 90= | चुलाही महतो वि. सजनलाल महतो, तेतर महतो समेत वि. सजनलाल महतो | कुटपीट |
| 91= | तेजनारायणप्रसाद रौनियार वि. नारायणप्रसाद ढुगेंल समेत | लिखत दर्ता बदर |
| 92= | कुशेश्वर गुर्मैता वि. नेपाल सरकार | ज्यान मार्ने उद्योग |
| 93= | राम आशिष ठाकुर लोहार वि. भूमिसुधार कार्यालय रौतहट समेत | उत्प्रेषण मिश्रित परमादेश |
| **इजलास नं. १०** | | **३३-३६** |
| 94= | जमुनाबहादुर श्रेष्ठ वि. सीतादेवी ढकाल समेत | निषेधाज्ञायुक्त परमादेश |
| 95= | रामकिसुन मण्डल वि. नारायणबहादुर खैरगोली | वाली मोही निष्काशन |
| 96= | राजेन्द्रकुमार नेपाल वि. गणेशबहादुर पाण्डे | गुठी कायम |
| 97= | पुनमाया महर्जन समेत वि. गुठी संस्थान केका. समेत | निर्णय दर्ता बदर |
| 98= | पुनमाया महर्जन समेत वि. तीर्थमान महर्जन समेत | बकसपत्र बदर दर्ता कायम |
| 99= | जगदिश सिँह क्षेत्री वि. हिरासिँह क्षेत्री समेत | अंश नामसारी |
| 100= | रामदेनीदेवी जैसवार समेत वि. नारायण राउत जैसवार | अंशवण्डा |
| 101= | नेपाल सरकार वि. दिनेश राय यादव समेत | कर्तव्य ज्यान |
| 102= | आन्तरिक राजश्व विभाग वि. विजयकुमार भिण्डा | मूल्य अभिवृद्धि कर |
| 103= | विजयकुमार दुगड वि. श्रम तथा यातायात व्यवस्था मन्त्रालय समेत | उत्प्रेषण परमादेश |
| **एकल इजलास** | | **३६-३७** |
| 104= | मोहन लोहनी समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | परमादेश |

**भूल सुधार**

सर्वोच्च अदालत वुलेटिन २०६६, अङ्क २०, (माघ १६ - २९) पूर्णाङ्क ४२२ को इजलास नं. ३ को क्रमसंख्या ५, पृष्ठ ९ मा मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय हुनुपर्नेमा अन्यथा भएकाले भूल सुधार गरिएको छ।

- सम्पादक

## विशेष इजलास

१.

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६३-WS-००४६, उत्प्रेषण समेत, *अच्युतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

गोपनीयताको हक र स्वतन्त्रताको हक निरपेक्ष हकका रुपमा नरहेको र अपराधको अनुसन्धान, तहकीकातका सिलसिलामा अभियुक्तलाई पक्रनु पर्ने भै घरभित्र पसी पक्राउ गर्ने क्रियाले गोपनीयता र स्वतन्त्रताको हकमा आघात पुगेको मान्ने हो भने बृहत्तर Public Interest भएको शान्ति सुरक्षाको प्रश्न गौण हुनजाने यथार्थलाई बिर्सन मिल्दैन । गोपनीयताको हकले अनुचित र कानूनविपरीतको खानतलासी र बरामदीलाई रोक्छ, तर कानूनले निश्चित गरेको प्रक्रियाअन्तर्गत अभियुक्तलाई पक्राउ गर्ने क्रममा घरभित्र प्रवेश गर्ने क्रियालाई रोक्दैन । त्यसरी पक्राउ गर्दा गोपनीयताको हक र बैयक्तिक स्वतन्त्रता कुण्ठित हुने अर्थ गर्ने हो भने कुनै पनि अभियुक्त र कुनै पनि अपराधीलाई पक्राउ गर्न नसकिने, नपाइने व्याख्या गर्नुपर्ने हुन्छ । कुनै पनि कानूनको व्याख्या गर्दा अपराधको अनुसन्धान जस्तो समाजको हित गासिएको सार्वजनिक सरोकारको विषयमा कानूनबमोजिम कसैलाई पक्राउ नै गर्न नहुने व्याख्या गर्नु हुँदैन । त्यसैले अ.वं. ११६ नं. को व्यवस्थाले व्यक्तिको गोपनीयताको हक र वैयक्तिक स्वतन्त्रता कुण्ठित तुल्याएको देखिन नआउने ।

अ.वं. ११६ नं. को व्यवस्था हेर्दा वारेन्ट जारी हुने मुद्दा र अन्य मुद्दामा अपराधको आरोप लागेको अभियुक्तलाई Fair Trial र Fair Hearing को लागि अदालतसमक्ष उपस्थित गराउन पक्राउ गर्ने व्यवस्थाको कानूनी शासन व्यवस्था सञ्चालन हुने राज्यमा कानूनभन्दा माथि कोही पनि नहुने र वैयक्तिक स्वतन्त्रता, कानूनद्वारा नियन्त्रित गर्न सकिने स्वतन्त्रता भएको कारण प्रहरीले खोजी गर्दा फरार हुने फौजदारी अपराधको अभियोग लागेको अभियुक्तलाई पक्राउ गर्ने व्यवस्था अ.वं. ११६ नं. संविधानसँग बाझिएको नदेखिने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६६ साल पुस २ गते रोज ५ शुभम् ।

२.

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६४-WS-००२२, उत्प्रेषण समेत, *अच्युतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

संविधानको धारा १३(३) को प्रतिवन्धात्मक बाक्यांशले प्रदान गरेको सकारात्मक विभेदसम्बन्धी व्यवस्थाले मजदूरलगायतका वर्गको संरक्षण र सशक्तीकरणको विषयलाई राज्यले सम्बोधन गर्नुपर्ने र त्यसका लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने गरी समानतासम्बन्धी आधारभूत सिद्धान्तको अपवादात्मक व्यवस्थासम्म गरेको हो । संविधानको उल्लिखित प्रावधानलाई निरपेक्ष अधिकारको श्रेणीमा राखेर विशेष परिस्थिति वा संस्थाले भोग्नु परेको असामान्य अवस्थामा समेत कामदार कर्मचारीले दोहोरो सुविधा पाउनै पर्ने दावी गर्न नमिल्ने र श्रम ऐन र श्रम नियमावलीलाई सम्पूर्णतामा हेर्दा कामदार कर्मचारीको हक, हित सुविधा र सुरक्षाका लागि बनेको परिप्रेक्ष्यमा त्यसभित्रको आंशिक व्यवस्थालाई उद्धृत गरी त्यसले मजदूर वर्गका प्रति संविधानले अपेक्षा गरेको सकारात्मक विभेदको उपेक्षा गरेको भन्ने दावी आफैमा तर्कसंगत र औचित्यपूर्ण नदेखिने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६६ साल पुस २ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

१.

**स.प्र.न्या.श्री अनूपराज शर्मा, मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कल्याण श्रेष्ठ,** दे.पु.इ.नं. ०६६-DF-०००१, लेनदेन, *सीयाराम महतो वि. पवित्रनारायण महतो*

फैसला सुन्नुको मतलब फैसलाको बारेमा जानकारी पाउने नै हो, फैसलाको नक्कल सारी लिएपछि पनि फैसलाको बारेमा पूर्ण जानकारी प्राप्त हुन्छ । त्यसैले फैसलाको जानकारी कुनै पनि तरिकाबाट (फैसला सुनेर वा फैसलाको नक्कल लिएर वा अदालतबाट म्याद जारी भएर) भएपछि सोही मितिबाट पुनरावेदनको म्याद प्रारम्भ हुन्छ भन्ने कुरामा विवाद उठाइनु हुदैन । त्यस्तो कुरामा विवाद झिक्न कानूनले अनुमति पनि नदिने ।

वादी पवित्रनारायण महतोले सिराहा जिल्लामा मिति २०५७।८।१२ मा फैसलाको नक्कल पाऊँ भनी निवेदन पेश गरेको तथ्यबाट निजलाई यो मितिमा फैसला भएको थियो भन्ने फैसलाको जानकारी प्राप्त गरेकै देखिएको हुँदा सोही मितिबाट मुलुकी ऐन, अ.वं. १९३ ले तोकेको म्याद र कानूनबमोजिम थाम्ने, थमाउने म्यादभित्रै पुनरावेदन गर्नुपर्ने हुन आउँछ । तर सो म्यादभित्र पुनरावेदन नगरी मिति २०५७।११।१२ मा सिराहा जिल्ला अदालतबाट पुनरावेदनको म्याद तामेल भै तत्पश्चात् फैसलाको नक्कल सारी फैसलाको जानकारी पाएको भनी म्याद तामेल भएको मितिलाई आधार बनाएर पुनरावेदन अदालत राजविराजमा मिति २०५७।१२।५ मा पुनरावेदन दर्ता गराएको देखियो । त्यसरी पुनरावेदक/वादीलाई फैसलाको जानकारी पहिले नै भैसकेको अवस्थामा म्याद नघाई दायर हुन आएको पुनरावेदनपत्र खारेज गर्नुपर्नेमा सोही पुनरावेदन पत्र ग्रहण गरी मुद्दाको औचित्यमा प्रवेश गरी इन्साफ गर्न नहुने ।

इजलास अधिकृत : उमेश कोइराला

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल पुस ९ गते रोज ५ शुभम् ।

- यसै लगाउको फौ.पु.इ.नं. ०६६-CF-०००३, करकाप, *सीयाराम महतो वि. पवित्रनारायण महतो* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

२.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** पुनरावलोकन नं. २०६५-NF-०२०, अंश चलन, *गंगाबहादुर प्रधान वि. यमुनाबहादुर प्रधान*

सम्पत्ति सगोलको अंशियारको नाममा रहनु नै सो स्वतः वण्डा हुने प्रकृतिको रहेछ भन्ने अर्थ नलाग्ने । एउटै लिखतमा लेखिएका व्यहोराले समान कानूनी महत्व राख्दछन् । त्यसमा उल्लिखित कुनै कुरा कार्यान्वयन हुने र कुनै कुरा कानून प्रतिकूल नै रहेको अवस्थामा बाहेक कार्यान्वयन नहुने भन्न नमिल्ने । फिराद खारेज हुनुको अर्थ फिराद दावी अस्वीकृत हुनु हो । एकपटक अदालतबाट अस्वीकृत भइसकेको तथ्य र माग अर्को मुद्दाको जरियाबाट पुनर्स्थापित हुन सक्दैन । एउटै प्रश्नले अदालतमा पटक-पटक प्रवेश पाउन सक्दैन । मुद्दाको नाम आवरण फेरिएर प्रस्तुत भएपनि कानूनी प्रश्न पहिलेको मुद्दाबाट निरोपण भइसकेको पाइए पछिल्लो विवादमा अदालत प्रवेश गर्दैन । प्राङन्यायको मूल मर्म र सिद्धान्त यही हो ।

वृद्धावस्थामा रहेका जेष्ठ नागरिकहरूलाई आफ्नो निजी प्रकृतिको र हक अन्तरभूत भएको सम्पत्ति उपभोग गर्ने सम्बन्धमा केही स्वतन्त्रता आवश्यक पर्ने कुरा सामाजिक न्यायका दृष्टिकोणबाट वाञ्छनीय हुन्छ । वृद्धावस्थामा आफूलाई इच्छा लागेको दानपुण्य, धर्मकर्म गर्न तथा औषधोपचार गराउन र राम्रोसँग स्याहार सुसार प्राप्त गर्न पनि सम्पत्ति उपभोगसम्बन्धी स्वविवेकीय कानूनी अधिकार दिइनु र सोको संरक्षण गरिनु अपरिहार्य छ । यस्तो अधिकारमा अंकुश लगाउनु न्यायोचित हुँदैन । समाजमा जेष्ठ नागरिकका रुपमा सम्मानयोग्य वृद्धावस्थाका आमाबाबुलाई सबै छोराछोरीले समान व्यवहार गर्छन र राम्रोसँग स्याहार सुसार गर्दछन् भन्ने अनुमान आजको सामाजिक परिवेशमा सबैका हकमा र सधैंभरि सत्य नहुन सक्तछ । यस्तो अवस्थामा आफूलाई विशेष हेरचाह गर्ने व्यक्तिलाई केही सम्पत्ति दिन पाउने व्यवस्था जेष्ठ नागरिकहरूको सामाजिक सुरक्षाको लागि समेत अपरिहार्य छ । कानून समाजका लागि हो कानून सामाजिक आवश्यकताका लागि हो । कानूनले बन्देज नै लगाएको अवस्थामा बाहेक जेष्ठ

नागरिकका कानूनी हकमा अदालतले उदार कानूनी व्याख्याको नीति अवलम्बन गर्नुपर्ने ।

अदालत राज्यकै एउटा सबल, सशक्त र सक्रिय अंग भएबाट राज्यका प्रतिवद्धताप्रति न्यायपालिकाको पनि जिम्मेवारी छ । राज्यका प्रतिवद्धताहरू प्रचलित कानूनअनुकूल लागू गराउने कर्तव्य अदालतको पनि हो । नेपालको अन्तरिम संविधान, २०६३ को भाग ४ मा व्यवस्थित राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू कार्यान्वयन भए वा नभएको सम्बन्धमा अदालतमा प्रश्न उठाउन नसकिने भए पनि कार्यान्वयन गर्नै नपर्ने व्यवस्थाका रुपमा ग्रहण गरिन हुँदैन । कानूनले गरेका व्यवस्थाका अधीनमा रही जेष्ठ नागरिकको हक हितको पक्षमा राज्य उभिनु पर्छ । मुलुकी ऐन, स्त्री अंशधनको १, २, ४ र ५ नं. का कानूनी हक वृद्धाहरूले पनि प्रयोग गर्न पाउँछन् । अंशवण्डाको १ नं. र दान बकसको १ नं. ले सम्पत्तिमा जेष्ठ नागरिकको कानूनी हक रहने हुन्छ । यस्तो आफूमा अन्तरभूत रहेको साम्पत्तिक हकलाई वृद्धवृद्धा जेष्ठ नागरिकले हस्तान्तरण गर्न पाउने कुरालाई प्रचलित कानूनले संरक्षण गरिआएकै छ । कानूनले प्रदान गरिआएका जेष्ठ नागरिकका यी हकहरूलाई प्रत्यक्ष वा परोक्ष रुपमा बन्देज लगाउनु न्यायसंगत नहुने ।

इजलास अधिकृतः नारायण सुवेदी

इति संवत् २०६६ साल कात्तिक १९ रोज ५ शुभम् ।

## संयुक्त इजलास

१.

**स.प्र.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. २०६४-WO-१०१८, उत्प्रेषणयुक्त परमादेश, *भुपेन्द्रप्रसाद पोखरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

व्यक्तिको जीउ ज्यान, सम्पत्ति, इज्जत वा हैसियत समेतका कुराको विचार गरी के कस्तो सुविधा वा सुधार चाहिने हो भन्ने कुरा नितान्त नीतिगत विषय हो । राज्यले प्रदान गर्ने सुरक्षा वा सुविधासम्बन्धी नीतिगत निर्णयको परिणामस्वरुप निवेदकको संवैधानिक हक वा सम्पत्तिसम्बन्धी कानूनी अधिकारमा असर पुगेको र निवेदकले थप दायित्व बेहोर्नु परेको भन्ने भनाई पनि देखिँदैन । प्रस्तुत विषयमा मन्त्रिपरिषद्बाट भएको निर्णय अधिकारक्षेत्रविहीन वा राज्यले दिएको सुविधा र सुरक्षाको कारण निवेदकलाई प्रतिकूल असर पुगेको भन्ने पुष्टि गरी निवेदन जिकीर लिएको अवस्था पनि देखिएको छैन । यस्तो अवस्थामा पूर्व राजा तथा उनका परिवारको सम्बन्धमा सुरक्षा र सुविधा दिएको नीतिगत विषयका सम्बन्धमा अन्तरिम संविधानको धारा १०७ को व्यवस्था आकर्षित नहुने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटरः लक्ष्मीदेवी श्रेष्ठ

इति संवत् २०६६ साल असोज २८ गते रोज ४ शुभम्

२

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री रामकुमारप्रसाद शाह,** रिट नं. ०६४-WO-०३३९, परमादेश समेत, *कर्णबहादुर रसाइली वि. जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक समेत*

निवेदक कर्णबहादुरले जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता गराएको कर्तव्य ज्यान मुद्दको जाहेरी दरखास्तउपर अनुसन्धान तहकीकातको कार्यलाई उक्त प्रहरी कार्यालयले जिम्मेवारीपूर्वक प्रभावकारी ढङ्गले अगाडि बढाई कानूनी कर्तव्य पूरा गरेको नदेखिँदा उक्त जाहेरी दरखास्तअनुरूप शीघ्र अनुसन्धान तहकीकात पूरा गर्नु भनी विपक्षीहरूको नाममा परमादेश जारी गरिएको छ । साथै अनुसन्धान तहकीकातको कर्तव्य पालनामा निरन्तर उपेक्षा गरेको देखिँदा त्यसतर्फ गम्भीर रही सक्रियता देखाउन आवश्यक र उचित कदम चाल्नेतर्फ सजग रही सचेत गराउनु भनी प्रहरी प्रधान कार्यालय, मध्यक्षेत्रीय प्रहरी कार्यालय र अञ्चल प्रहरी कार्यलयको नाममा तथा अपराध अनुसन्धानको क्रममा सम्बन्धित प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन नदिई सम्बन्धित कानूनले औंल्याएको दायित्वप्रति निष्क्रिय रहेको देखिँदा

त्यसतर्फ गम्भीर रही सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयका जिल्ला सरकारी वकीललाई सो सम्बन्धमा शीघ्र, उचित र ठोस कदम चाली अनुसन्धान गर्ने प्रहरी कर्मचारीसँग निर्देशकीय समन्वयात्मक भूमिका निर्वाह गर्न लगाउनु भनी नेपाल अधिराज्यका महान्यायाधिवक्ताको कार्यालयको नाममा समेत न्यायादेश (Judicial Stricture) जारी हुने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

इति संवत् ३०६६ साल मंसिर २९ गते रोज २ शुभम् ।

- यस्तै प्रकृतिको रिट नं. ०६४-WO-०३४०, परमादेश समेत, *केदार चौलागाई वि.जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**३.**

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री रामकुमारप्रसाद शाह,** रिट नं. ०६३-WO-१०००, उत्प्रेषणयुक्त परमादेश, *राजकुमार बस्ताकोटी वि.मधुराम लामिछाने समेत*

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७५ को खारेजी तथा संशोधनसम्बन्धी व्यवस्थाको उपदफा (२) मा "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २ को खण्ड (ख) बमोजिमका सार्वजनिक निकायहरूका खरीदसम्बन्धी कानूनी व्यवस्था यो ऐनसँग बाझिएको हदसम्म यस ऐन अनुकूल हुने गरी स्वतः संशोधन भएको मानिनेछ" भन्ने व्यवस्था भएको हुँदा निर्माण व्यवसाय ऐन, २०५५ मा भएका कुराहरू प्रस्तुत सार्वजनिक खरीद ऐनबमोजिम हुने कुराहरूको सम्बन्धमा आकर्षित नहुने हुँदा निर्माण व्यवसाय ऐनमा उल्लिखित कुराहरूले मान्यता नपाउने स्पष्ट नै छ । यस अवस्थामा डिभिजन सडक कार्यालय, भक्तपुरले पेप्सीकोला सल्लाघारी सडकमा मेशनरी कार्य गर्न २०६४।१।६ मा बोलपत्र आह्वानको लागि प्रकाशित गरेको सूचनामा निमार्ण व्यवसायीको वर्ग नतोकिनु कानूनविपरीत भन्ने देखिन नआउने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

इति संवत् ३०६६ साल मंसिर २९ गते रोज ५ शुभम् ।

**४.**

**स.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री रामकुमारप्रसाद शाह,** रिट नं. ०६३-WO-११०१, उत्प्रेषण समेत, *कमलप्रसाद बास्कोटा समेत वि. जिल्ला जलस्रोत समिति जिल्ला विकास समितिको कार्यालय फिदिम समेत*

संविधान तथा ऐनले अख्तियार प्रदान गरेर बनाइएका वा जारी गरिएका कानून तथा कानूनसरह लागू हुने नियम, उपनियम, विनियम, आदेश कानूनको वर्गमा पर्नसक्ने देखिएन । फिदिम खानेपानी तथा सरसफाई उपभोक्ता समितिको विधान कुनै ऐनले अख्तियार प्रदान गरेको भन्नेसम्म देखिन्छ । जिल्ला जलस्रोत समितिले स्वीकृत प्रदान गरेको भन्ने कुरालाई विधायिकाले अख्तियार दिएको भनी अर्थ गर्न नमिल्ने ।

फिदिम खानेपानी तथा सरसफाई उपभोक्ता समितिको हैसियत र प्रकृति कानूनी व्यक्ति सरहको देखिएको र उक्त समिति सञ्चालनार्थ तयार पारिएको विधानको हैसियत नेपाल कानून सरहको नभएको भन्ने स्पष्ट भएको हुँदा सोही विधानअनुरूप नै निवेदकहरू पहिलेको कार्यसमितिमा पदाधिकार रहेको अवस्थामा उक्त विधानबमोजिम गठित कार्य समिति विघटन गर्दा नेपाल कानून वा संविधानले प्रदान गरेको अधिकारबाट निवेदकहरू बञ्चित भएको भनी अर्थ नमिल्ने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : सीता गुरुङ

इति संवत् ३०६६ साल मंसिर २९ गते रोज २ शुभम् ।

**इजलास नं. १**

**१**

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६१ सालको फौ.पु.नं. ३३७०, भ्रष्टाचार, *थलेश पूर्वे वि. नेपाल सरकार*

व्यक्ति विशेषले संस्था विशेषलाई रकम सापटी दिएको भए संस्थाले त्यसरी लिएको सापटी

रकमको मौकैमा आफ्नो खातामा आम्दानी बाध्नु पर्ने थियो बैंकमा जम्मा गर्नु पर्दथ्यो अनि मात्र भरपाई बनाई चेक काटी खर्च गर्नु पर्दथ्यो । त्यस्तो सापटीको हिसाबले विधिवत् स्रेस्ता राखिएको प्रमाण प्रतिवादीले पेशगर्न सकेको छैन । त्यस्तै समितिले सापटी लिँदाको अवस्थामा समेत त्यस्तो आधार र कारण खुलाई भरपाई गर्नुपर्ने सो केही प्रमाण पेश हुन आएको देखिदैन । यसबाट प्रतिवादीले सफाई पाउनु पर्ने भनी आधार लिई प्रमाणस्वरुप पेश गरेको उक्त भरपाईको कागजात शंकास्पद देखिएको छ । समितिले कारोवार गरेको र व्यालेन्स रहेको रकमको मात्रा हेर्दा मिति २०५७।३।१४ मा आयोजना सञ्चालन गर्न समितिले प्रतिवादीबाट रकम सापटी लिनुपर्ने अवस्था थियो भनी विश्वास गर्न सकिने आधार पनि देखिँदैन ।

रिस्वत लिए खाएको कसूरलाई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ अन्तर्गतको कसूर मानिएको र सोही दफाको निरन्तरताको रुपमा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) (घ) रहेको र यसको दावी अभियोग पत्रमा लिएको देखिएको कसूरको सम्बन्धमा तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ अनुसार सजाय गरेको विशेष अदालतको फैसला उपयुक्त नहुने ।

कमिशन वापत आफूलाई १० प्रतिशत रकम नदिए भुक्तानी नदिने भनी वाध्य पारी भुम्केज्यूला जल उपभोक्ता समितिको ने.बै.लि. सल्यान स्थित व.हि.नं. ३८७१ को खाताबाट मिति २०५७।४।१२ मा रु. १,७७,०००।- को रकम भुक्तानी लिएको प्रमाणित भएको एवं समितिले आफूसँग सापट लिएको रकम फिर्ता लिएको भन्ने निजको इन्कारी वयानको कहिकतैबाट पुष्टि हुन सकेको नदेखिदा र अभियोग समर्थित एवं प्रमाणित भएको देखिँदा निजलाई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ अर्न्तगतको कसूर अपराधमा ऐ.ऐनको दफा ३ र २९ बमोजिम कमिशन लिएको रु.१,००,०००।- निजबाट भराई सो विगोबमोजिम निजलाई जरीवाना समेत हुने ।

इजलास अधिकृत : कमलराज विष्ट
इति संवत् २०६६ साल असोज २० गते रोज ३ शुभम् ।

- यस्तै प्रकृतिको २०६१ सालको फौ.पु.नं. ३३६९, भ्रष्टाचार, *थलेश पूर्वे वि. नेपाल सरकार* भएको मुद्दामा पनि यसैअनुरूप निर्णय भएको छ ।

## इजलास नं. २.

**१.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गौरी ढकाल,** २०६१ सालको रिट नं. निवेदन नं. ९७५८, परमादेश, *नरेन्द्र भट्टराई वि. कृष्णबहादुर कुँवर*

बैंक र रुम्बा कार्पेट इण्डष्ट्रिजबीच ओभरड्राफ्ट कर्जाको लागिसम्म २०५५।९।२३ को लिखतबाट दायित्व सिर्जना भएको पाइन्छ । तर, सो दायित्व यी निवेदकले पूरा गरिसकेको पुनः अर्को लिखत नभएसम्म वा अनन्तकालसम्म रुम्बा कार्पेट इण्डष्ट्रिजले लिएको ऋणको हकमा सुरक्षणबापत निवेदकको जग्गा रही रहने पनि होइन । आफूसमेत सञ्चालक रहदाको अवस्थामा लिएको कर्जा चुक्ता गरी सञ्चालक समेतबाट हटिसकेको देखिएको र सो इण्डष्ट्रिजले लिएको ऋण तथा बैकिङ कारोवारको हकमा आफूले राखेको धितो कायम नरही व्यक्तिगत रुपमा समेत जिम्मेवार नहुने भनी स्पष्ट रुपमा उल्लेख गरी बैंकमा निवेदन दिइसकेको अवस्थामा अब निवेदकको घर जग्गा रुम्बा कार्पेट इण्डष्ट्रिजको हकमा समेत सुरक्षणबापत रहेको भन्न नमिल्ने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य
इति संवत् २०६६ साल कात्तिक ८ गते रोज १ शुभम् ।

**२.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०५९ सालको दे.पु.नं. ८३०९, लेनदेन, *जीतप्रसाद द्वा समेत वि. हिरामान श्रेष्ठ,* २०६० सालको दे.पु.नं. ९३४६, *हिरामान श्रेष्ठ वि. जीतप्रसाद द्वा*

प्रतिवादीले मिति २०५६।१२।२८ मा अदालतसमक्ष अ.बं. ७८ नं. अनुसार बयान गर्दा

दावीको मिति २०५२।२।२३ को लिखतको कारणी र बन्दमा लगाइएको ल्याप्चे र स्वहस्ताको सही एवं लिखत साक्षीको स्वहस्ताको सही आफ्नै भएको र लिखत सद्दे साँचो रुपबाट खडा गरिएको हो भनी लेखाई दिएको पाइन्छ भने दावीको लिखतका अन्तर्साक्षी शिवप्रसाद चालिसेले मिति २०५७।२।४ मा अदालतमा गरेको बकपत्रको स.ज. ५ मा मिति २०५२।२।२३ का दिन वादीहरू जीतप्रसाद, हेमबहादुर, गणेशबहादुर र गोपालमान समेतसँग प्रतिवादी हिरामान श्रेष्ठले रु.४१,७५,०००।- नगद लिई तमसुक गरी वादीहरूलाई दिनुभएको सत्य साँचो हो भनी लेखाई दिएको समेत देखिँदा दावीका उल्लिखित रकम प्रतिवादीले वादीहरूबाट लिई दावीको लिखत गरिदिएको स्पष्ट हुन आउने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

इति संवत् २०६६ साल असोज २६ गते रोज २ शुभम् ।

**३.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६२ सालको दे.पु.नं. ७८९७, लेनदेन, *हेमबहादुर प्रधान वि. हिरामान श्रेष्ठ*

दावीको रकम आफूले पाएको छु भनी वादीले स्वीकार नगरेको तथा प्रतिवादीहरूबाट सो को तथ्ययुक्त प्रमाण समेत पेश हुन नसकेको अवस्थामा ढुकुटीको रकम भएको तथ्य प्रतिवादीले स्वीकार गरेकोले प्रस्तुत विषयका सम्बन्धमा वादी प्रतिवादीका बीचको व्यवहार दुई कम्पनीबीचको नरही निजी रहेको देखिन आएको तथा सो रकम वादीले प्रतिवादीबाट पाएको अवस्था समेत देखिन नआउँदा दावीको रकम रु. १०,५९,५००।- वादीले प्रतिवादीबाट भरी पाउने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल असोज २६ गते रोज २ शुभम् ।

**४.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको रिट नं. WO-०११९, उत्प्रेषण, *विशाल श्रेष्ठ वि. जयबहादुर सुनुवार समेत*

मालपोत ऐन, २०३४ को दफा ३१ अनुसार मालपोत कार्यालयले गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ भन्ने कानूनी व्यवस्था समेत भएको अवस्थामा मालपोत कार्यालयले गरेको निर्णयउपर चित्त नबुझ्ने पक्षले पुनरावेदन गर्न पाउने अवस्था विद्यमान हुँदाहुँदै प्रचलित कानूनद्वारा प्रदत्त उपचारको मार्ग अवलम्वन गर्नुपर्नेमा सो नगरी रिट क्षेत्रमा प्रवेश गरेको देखिँदा प्रचलित कानूनबमोजिम अन्य उपचारको मार्ग विद्यमान हुँदाहुँदै रिट क्षेत्रमा प्रवेश गर्न नमिल्ने भन्ने प्रचलित कानूनी सिद्धान्त र रिटको अवधारण समेत भएको अवस्थामा प्रस्तुत विषयमा रिट क्षेत्रबाट तथ्यभित्र प्रवेश गरी प्रमाणको मूल्याङ्कन गरी विवादको निरोपण गर्न सकिने अवस्था नदेखिने ।

इजलास अधिकृत : ध्रुबराज त्रिपाठी

इति संवत् २०६६ साल कात्तिक ५ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६१ सालको रिट नं. ३१६१, उत्प्रेषण परमादेश, *वसन्त यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् समेत* भएको मुद्दामा यसैअनुरुप निर्णय भएको छ ।

**५.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको रिट नं. ३१९५, उत्प्रेषण समेत, *सीतादेवी अधिकारी वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

सर्भे नापीको समयमा निवेदकको दावीअनुरूपको चार किल्लाभित्रको बाँकी जग्गाको सम्बन्धमा वगर जनिई सर्भे नापी हुँदा सो सम्बन्धमा चुप लागी उक्त नापीको व्यहोरामा चित्त बुझाई बसेको समेत देखिन आएको र सर्भे नापीको समयमा वगर जनिएको कि.नं. ४४० को जग्गा सरकारी जनिई दर्ता भइसकेको देखिएको, उक्त जग्गा निवेदकको भए नभएको सम्बन्धमा रिट क्षेत्रबाट प्रमाण बुझी निर्णय गर्न मिल्ने अवस्था समेत रहेको नदेखिने ।

इजलास अधिकृत : ध्रुबराज त्रिपाठी

इति संवत् २०६६ साल कात्तिक ५ गते रोज ५ शुभम् ।

६.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको रिट नं. WO-०२२७, उत्प्रेषण परमादेश, *जितेन्द्र सिँह वि. बाँके जिल्ला अदालत नेपालगञ्ज समेत*

बाँके जिल्ला अदालतमा तहसिलदारले पञ्चकृत्य मूल्य कायम गर्दा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(५) मा उल्लेख भएका आधारहरूलाई ग्रहण गरी पञ्चकृत्य मोल कायम गरेको देखिँदा उक्त पञ्चकृत्य मोल कायम प्रचलित कानूनमा उल्लिखित प्रावधानअनुरूप नै भई कुनै त्रुटि नदेखिने ।

इजलास अधिकृत : ध्रुवराज त्रिपाठी

इति संवत् २०६६ साल कात्तिक ५ गते रोज ५ शुभम् ।

७.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर बम,** २०६० सालको दे.पु.नं. ९३६३, जग्गा खिचोला हक कायम समेत, *भुवनेश्वरालाल चौधरी समेत वि. चुनचुनलाल देव*

प्रतिवादीबाट पेश भएको मिति २०२८।९।१५ को लिखतलाई वादीले लिफामा लेखी जालसाजबाट तयार भएको हो भनी बयान गरेअनुरूप सो लिखतको प्रमाणितका सम्बन्धमा यकीन गर्न मिति २०२९।४।१८ को दाइजिवतीले वादीलाई गरिदिएको निज दाइजिवतीको सहिछाप भएको धर्मपुत्रको लिखत र मिति २०२८।९।१५ को दाइजिवतीले पुनरावेदक प्रतिवादीलाई गरिदिएको भनेको राजीनामाका दुवै लिखत राखी विशेषज्ञलाई जाँच गर्न पठाउँदा मिति २०२८।९।१५ को राजीनामा लिखत लिफा कागजमा लेखिएको देखिन्छ भन्ने व्यहोराको मिति २०४९।२।२३ को विशेषज्ञको राय प्राप्त भएको देखिन्छ भने निजै विशेषज्ञले सोही रायलाई मिति २०५४।१०।१७ को बन्दसवालमार्फत पुनः पुष्टि गरेको पाइन्छ । यसरी जुन लिखतको आधारमा दावीका जग्गामा आफ्नो हक स्थापित भएको स्रोत भनी देखाई पेश गरेको छ सो लिखत नै सद्दे नठहरेको अवस्थामा मिति २०२८।९।१५ को लिखत सही सद्दे हो भन्न नमिल्ने । हकको स्रोत भनेको मिति २०२८।९।१५ को राजीनामा लिखत नै सद्दे नठहरेको अवस्था हुँदा सो लिखतको आधारमा भएको मालपोत कार्यालय सप्तरीको निर्णय कायम रहन नसक्ने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल भदौ ८ गते रोज २ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन् :

- २०६० सालको फौ.पु.नं. ३४४४, कीर्ते, *इनरलाल चौधरी वैस्य वि. चुनचुनलाल देव वैस्य*
- २०६० सालको दे.पु.नं. ९३६४, नामसारी दर्ता बदर दर्ता कायम, *मेघवावती वैस्यनी वि. चुनचुनलाल देव वैस्य*
- २०६० सालको फौ.पु.नं. ३४४५, कीर्ते जालसाज, *मेघवावती वैस्यनी समेत वि. चुनचुनलाल देव वैस्य*

८.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर बम,** २०६१ सालको दे.पु.नं. ८३४०, घर उठाई जग्गा खिचोला मेटाई चलन चलाइ पाऊँ, *किस्नराज रेग्मी वि. दुर्गाकुमारी बस्नेत*

बुझ्नु पर्ने प्रमाण बुझी उक्त प्रमाणको मूल्याङ्कन समेत गरी ठहरेबमोजिम फैसला गर्न पुनरावेदन अदालतले सक्ने नै देखिएकोमा सो नगरी वादी प्रतिवादीका साक्षी समेतका प्रमाण बुझी ठहरेबमोजिम फैसला गर्न शुरु महोत्तरी जिल्ला अदालतमा पठाउने गरी मिति २०५८।५।७ मा गरेको फैसला मिलेको नदेखिँदा उल्टी हुने ।

इजलास अधिकृत : ध्रुवराज त्रिपाठी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल मंसिर ८ गते रोज २ शुभम् ।

९.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको दे.पु.नं. ८८१५, अंश चलन, *सत्यनारायण मानन्धर वि. ज्ञानमाया मानन्धर,* २०६२ सालको दे.पु.नं.

८५७८, ८१३२, *विजयलक्ष्मी मानन्धर समेत वि. ज्ञानमाया मानन्धर, ज्ञानमाया मानन्धर, वि. सत्यनारायण मानन्धर समेत*

प्रतिवादीले पुनरावेदनमा जिकीर लिएका पाँच कित्ता जग्गाहरू वादीले हालैको बकसपत्रको माध्यमबाट निजी तवरले पाएको हुँदा अंशवण्डाको महलको १८ नं. ले उक्त कित्ता जग्गाहरू वादीको निजी आर्जनको सम्पत्ति देखिँदा उपरोक्त जग्गाहरू संगोलको मानी वण्डा हुनुपर्छ भन्ने तर्फको प्रतिवादीको पुनरावेदन जिकीर तर्कसंगत एवं कानूनसम्मत नदेखिने ।

वादीले शुरु ललितपुर जिल्ला अदालतमा मिति २०५९।१२।२६ मा पेश गरेको तायदाती फाँटवारीमा उल्लिखित तीन कित्ता जग्गामा घर समेत रहेको भनी उल्लेख गरेको पाइन्छ । तर, उक्त जग्गाहरू दा.खा. गर्दाको अवस्थामा भने घरहरूको अस्तित्व रहे भएको देखिँदैन । यस अवस्थामा उक्त जग्गाहरू वादीले पाएपश्चात् मात्र घरहरू बनेको देखिन आउने हुँदा उल्लिखित घर तथा जग्गाहरू संगोलकै वण्डा लाग्ने सम्पत्ति रहेको स्पष्ट हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

इति संवत् २०६६ साल असोज २८ गते रोज ४ शुभम्

१०.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको दे.पु.नं. ८८३६, बाटो कायम, *जयलक्ष्मी मास्के समेत वि. ऋषिबहादुर भण्डारी समेत,* २०६३ सालको दे.पु.नं. ८८३७, *ऋषिबहादुर भण्डारी समेत वि. विजयध्वज मास्के समेत*

भै आएको नक्सा, मिति २०५१।१०।२३ को प्रतिवादी विजयध्वज मास्केले वादीहरूलाई गरिदिएको हालैको बकसपत्रको लिखत समेतबाट न.नं. १६,१७,१८,१९,२० र २१ का सम्पूर्ण जग्गाहरू बाटोको रुपमा रहेको अवस्थामा शुरु रुपन्देही जिल्ला अदालतले वादी दावीअनुरूप प्रतिवादीहरूले गरिलिएको दर्ता बदर गरी दावीका जग्गाहरूलाई सार्वजनिक बाटो कायम हुने ठहऱ्याएको फैसला केही उल्टी गरी न.नं १६ को जग्गामा सम्म वादी दावी पुग्न नसक्ने ठहर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०६२।५।२२ को फैसला मिलेको नदेखिदा केही उल्टी भई वादी दावीका लिखत दर्ता बदर गरी सोअनुरूपका जग्गाहरू सार्वजनिक बाटो कायम हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल भदौ ७ गते रोज १ शुभम् ।

११.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको फौ.पु.नं. ४९३, नकवजनी चोरी, *दुर्गाबहादुर लामा वि. नेपाल सरकार*

मुलुकी ऐन दण्ड सजायको महलको ११(क) को देहाय (२) नं. बमोजिम कैदमा नराख्ने गरी फैसला गरिपाऊँ भन्ने पुनरावेदन जिकीर सम्बन्धमा हेर्दा उक्त नं. को कानूनी व्यवस्थाको मनसाय भविष्यमा सुधार हुने र समानमा पुनः स्थापना हुन सक्ने प्रकृतिका कसूर विज्याईका अपराधीहरूका सम्बन्धमा अदालतले कैदमा राख्न मनासिव नठहऱ्याएमा तोकिएको रकम लिई कैदमा नराख्ने र निजलाई लागेको कैदको लगत कट्टा गरिदिने व्यवस्था गरी अञ्जानवश वा अपरिपक्व मानसिकताको कारणबाट भएको कसूरहरूमा संलग्न कसूरदारहरू भविष्यमा नागरिकले निर्वाह गर्नुपर्ने जिम्मेवारीबाट विमूख नहुन् उत्तरदायी हुन् भन्ने उद्देश्य राखी विधायिकाले उक्त प्रावधान संशोधनमार्फत् थप गरेको देखिन्छ । तर, पुनरावेदक प्रतिवादीले जानी जानी, परिणाम सोच विचार गरी चोरी गर्ने उद्देश्यले पसलको ताला तोडी चोरी गरेको देखिँदा निजले अपरिपक्व मानसिक अवस्थामा चोरी गरेको देखिन नआएको हुँदा नकवजनी चोरी जस्तो समाजमा नकारात्मक धारणा फैलाउने समाजविरुद्ध एवं सधैंभरि राष्ट्र एवं समाजमा विकृति फैलाउन मद्दत गर्ने कुसंस्कारयुक्त खराब चरित्र विकास हुने आपराधिक कार्यका लागि दण्ड सजायको महलको ११(क) को देहाय (२) आकर्षिक हुने अवस्था नदेखिने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

इति संवत् २०६६ साल भदौ ७ गते रोज १ शुभम् ।

१२.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको दे.पु.नं. ११६, क्षेत्रफल सच्याई पाऊँ, *जगदिश चौधरी वि. कमली देवी*

प्रतिवादी कमलीदेवी चौधरीलाई सर्लाही जिल्ला अदालतबाट प्रदान गरिएको मिति २०६०।१०।७ को चलनपूर्जीबाट कि.नं. ५३५ को ०-११-८ मध्ये तीन भागको एक भाग जग्गा ज.वि. ०-३-१६ प्रतिवादी कमलीदेवीले पाएको देखिएकोमा त्यसलाई अन्यथा हुने गरी मालपोत कार्यालय सर्लाहीबाट मिति २०६१।१०।४ मा भएको दा.खा. निर्णयलाई कानूनअनुरूपको मान्न नमिल्ने हुँदा सो निर्णय उल्टी गरी अंश मुद्दाको फैसला र प्रतिवादी कमलीदेवी चौधरीले सर्लाही जिल्ला अदालतबाट मिति २०६०।१०।७ मा पाएको चलनपूर्जी बमोजिमको जग्गा प्रतिवादी कमलीदेवी चौधरीको नाममा पूर्ववत् कायम हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल भदौ ७ गते रोज १ शुभम् ।

१३.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको स.फौ.पु.नं. ०१४८, खोटा चलन, *धर्मेन्द्र साह वि. नेपाल सरकार*

प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्षको वयानको स.ज. ९ मा निजबाट नक्कली भारतीय रुपैयाको नोट बराजद हुनुभन्दा २,३ दिन अगाडि दाउद भन्ने व्यक्तिबाट जानीजानी नक्कली भारतीय रुपैया रु. ५००।- दरका १० थान नोट रु. ३०००।-नेपाली रुपैयामा खरीद गरी राखेको अवस्थामा पक्राउ परेको हुँ भनी लेखाई दिएको अवस्था देखिँदा आँफूले नजानीकन अञ्जानवश बरामदी भारतीय रुपैया लिएको भन्ने समेतको प्रतिवादीको पुनरावेदन जिकीर युक्तिसंगत देखिन नआउने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल भदौ ७ गते रोज १ शुभम् ।

१४.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ९८४५, लगत कट्टा निर्णय बदर, *दिलीपकुमार भट्ट वि. लम्बोदर मुनकर्मी*

न्याय प्रशासन ऐन, २०४८ को दफा १४(ख) (ग) मा भएको कानूनी व्यवस्थाअनुसार प्रस्तुत विषयमा जो जे प्रमाण बुझी उक्त प्रमाणको मूल्याङ्कन गरी ठहरेबमोजिम फैसला गर्न पुनरावेदन अदालत पाटनले सक्ने नै हुँदा सो नगरी जो जे बुझ्नुपर्छ बुझी वादी दावीमा सीमित रही निर्णय गर्नु भनी शुरु मिसिल गुठी संस्थान केन्द्रीय कार्यालय पठाई दिनु भनी पुनरावेदन अदालतबाट भएको फैसला मिलेको नदेखिँदा बदर हुने ।

इजलास अधिकृत : ध्रुबराज त्रिपाठी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल मंसिर ९ गते रोज ३ शुभम् ।

१५.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६० सालको रिट नं. ३४४३, उत्प्रेषण परमादेश, *राजेन्द्रकुमार डाँगी वि. जिल्ला प्रहरी कार्यालय भद्रपुर समेत*

निवेदक कार्यरत् रहेको प्रहरी चौकीमाथि सशस्त्र समूहले आक्रमण गरी हातहतियार लुटी लगेको घटनासम्बन्धी विषयलाई लिएर प्रहरी ऐनको परिच्छेद् ६ अन्तर्गतको कसूरमा सोही ऐनको दफा ३६ बमोजिम जिल्ला प्रहरी विशेष अदालत गठन गरी सो अदालतले कार्य सम्पन्न गरेको तथ्य निर्विवाद रुपमा देखिन आएको छ । यस प्रकार कानूनबमोजिम गठन भएको सक्षम जिल्ला प्रहरी विशेष अदालतले निवेदकउपर लागेको आरोपको बारेमा अभियोग दावी लिई त्यसउपर आवश्यक प्रमाण बुझी निवेदकलाई आरोपित कसूरमा सजाय गर्न तथा सफाई दिन सक्ने नै देखिएकोले पहिला गठन भएको जिल्ला प्रहरी अदालत निवेदकउपर कारवाही गर्न क्षेत्राधिकारविहीन थियो भन्न मिल्ने अवस्था देखिएन । यसरी एउटै कसूरको सम्बन्धमा एक पटक एउटा सक्षम निकायबाट कारवाही

भएपछि पुनः सोही कसूरमा निवेदक उपर दोस्रो पटक कारवाही गर्ने कार्य न्यायको स्थापित मान्यताविपरीत देखिन आउने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ साल कात्तिक २३ गते रोज २ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन् :

- २०६० सालको रिट नं. ३४४५, उत्प्रेषण परमादेश, *रुद्रबहादुर भण्डारी वि. जिल्ला प्रहरी कार्यालय भद्रपुर समेत*
- २०६० सालको रिट नं. ३४४४, उत्प्रेषण परमादेश, *सन्तोष सुनुवार वि. जिल्ला प्रहरी कार्यालय भद्रपुर समेत*

## इजलास नं. ३

**१.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६६ सालको फौ.सा.नं. RC-००७२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सवारीलाल चौधरी*

प्रतिवादीले मर्ने अंकालु चौधरीलाई बारबार कुटपीट गरी मरणसन्न अवस्थामा पुर्‍याई बादछाँद समेत गरिएको कारण मृत्यु भएकोले क्रूरतापूर्वक गरिएको अपराधका लागि कानूनले निर्धारित गरेको सजायमा कमगर्ने तर्फ सोच्न र सजाय कम गर्ने कानूनी प्रावधानको प्रयोग गर्न मिल्ने देखिँदैन । सजायको सिद्धान्तले अपराधीलाई पनि मानवीय व्यवहार गर्नुपर्ने हुन्छ । एउटा आरोपित वा कुनै कसूर गरेको भनेर कसैसँग पशुवत र अमानवीय व्यवहार गर्नु हुँदैन । प्रस्तुत मुद्दामा यी प्रतिवादीले आरोपित अंकालु चौधरीलाई पहिला कुटपीट गर्नुका अतिरिक्त रातभरि बाँधेर राख्नु अत्यन्त अमानवीय व्यवहार हो । यस्तो व्यवहार क्षम्य हुन सक्दैन र यसरी सास्ती दिएर मारिएकोमा पनि कसूरदारलाई सजायमा छुट दिने हो भने ऐनको दुरुपयोग हुन जान्छ । तसर्थ पुनरावेदन अदालतले मुलुकी ऐन अ.वं. १८८ नं. बमोजिम प्रतिवादीलाई ७ वर्षमात्र कैद सजाय गर्न उपयुक्त हुने भनी व्यक्त गरेको राय अ.वं. १८८ नं. को व्यवस्था र मर्मअनुरूप नदेखिएकोले सो राय मनासिब देखिएन । प्रतिवादी सवारीलाललाई ज्यानसम्बन्धीको १३(३) नं. अनुसार सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृत : हरिहर पौडेल
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल साउन ३० गते रोज ४ शुभम् ।

**२.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६४ सालको दे.पु.नं. CI-०५५०, अंशदर्ता, *उर्मीला जोन्छे वि. मृगेन्द्र जोन्छे*

एकासगोलमा रहेका अंशियारको नाउँमा रहेको सगोलको सम्पत्ति प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम सगोलको अंशियार भाग लाग्ने नै देखिँदा वादीले दावी लिएबमोजिम प्रतिवादी मृगेन्द्र जोन्छेको नाउँमा रहेको उक्त कि.नं. ५९ को जग्गा संयुक्त दर्ताको देखिँदा उक्त जग्गाबाट २ भागको १ भाग आदिभक्तको पर सारी बाँकी १ भागबाट आधी जग्गा वादीको नाउँमा समेत दर्ता हुने ।

इजलास अधिकृत : हरिहर पौडेल
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६६ साल भदौ २४ गते रोज ४ शुभम् ।

**३.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६५ सालको फौ.पु.नं. RC-०५७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. महमद अली मिया*

सामान्य मानसिक अवस्थाको मानिसले बिनागम्भीर कारण आफ्नो जन्मदात्री आमालाई यसरी मार्ने काम गर्न सक्दैन । मानसिक रोगको विभिन्न प्रकार र चरणमध्ये सामयिक मानसिक असन्तुलनको अवस्था (Casually Mental Abnormally) पनि एक हो । सोही अवस्थामा प्रतिवादीले यस्तो अपराध गरेकोले दण्ड सजायको १ नं. को अवस्था विद्यमान नभए पनि निजलाई

ऐनबमोजिमको सजाय गर्दा अत्याधिक चर्को हुन गएको देखिने । आफ्नै आमालाई मारेकोले सजायमा धेरै कमी गर्न पनि नमिल्ने हुनाले ज्यानसम्बन्धीको १३ नं. को देहाय दफा १ ले हुने सर्वस्वसहित जन्मकैदको सट्टा अ.वं. १८८ नं. अनुसार प्रतिवादी महमद अली मियालाई १५ (पन्ध्र) वर्ष कैदको सजाय न्यायोचित र उपयुक्त हुने ।

इजलास अधिकृत : हरिहर पौडेल

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल साउन ३० गते रोज ६ शुभम् ।

**४.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६२ सालको रिट नं. ३७५४, उत्प्रेषण परमादेश समेत, *सोमराज सापकोटा वि. नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय समेत*

रिट निवेदकले पुनरावलोकनको निर्णयको जानकारी २०६१।१४।२४ मा पत्रद्वारा पाएको भन्ने रिट निवेदनमै उल्लेख गरेको अवस्थामा २०६२।२।३१ मा मात्र आफूले जानकारी पाएको करीब १० महिनापछि मात्र प्रस्तुत रिट दर्ता गराएको देखिन्छ । आफूलाई मर्का पर्ने पक्षले मौकैमा उपचार खोज्नु पर्नेमा करीब १० महिनापछि अति विलम्ब गरी उपचार खोज्न आउनुको कुनै आधार र कारण पनि निवेदकले खुलाउन पेश गर्न सकेको देखिदैन । तथ्ययुक्त आधार र कारणबिना अति विलम्ब गरी उपचार खोज्न आउनेलाई अदालतले मद्दत गर्न नसक्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल असोज २६ गते रोज २ शुभम् ।

**५.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको रिट नं. ०६३-WO-०३३८, उत्प्रेषणयुक्त परमादेश, *कान्छीमाया च्वामू श्रेष्ठ वि. भूमिसुधार कार्यालय भक्तपुर समेत*

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) अनुसार मोहीको शेषपछि प्राथमिकताको क्रममा पति, पत्नी, छोरा आदिमा मोही नामसारी गर्नुपर्ने हुँदा छोराहरू धनकुमार, श्यामकृष्ण च्वामू श्रेष्ठ समेतको मञ्जूरीबाट स्व. मोही कृष्णकुमार भन्ने कृष्णबहादुर च्वामू श्रेष्ठका नाउँबाट पत्नी बेतीमाया च्वामू श्रेष्ठका नाउँमा मोही नामसारी गरेको र उक्त मोही नामसारी दर्ता सम्बन्धमा उजूर परी बदर नभएको र प्रस्तुत मुद्दामा कायमी मोही बदर हुने नहुने विवाद यस रिट निवेदनबाट निर्क्यौल हुन नसक्ने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल कात्तिक १९ गते रोज ५ शुभम् ।

**६.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६२ सालको रिट नं. २५६२, उत्प्रेषण, परमादेश, प्रतिशेष, *नगेन्द्रभगत श्रेष्ठ वि. भुवानीप्रसाद रोइला समेत*

रिट क्षेत्रमा प्रवेश गरी उपचार माग्नेले सही प्रक्रियाबाट संवैधानिक हक अधिकारमा आघात परेको विषयमा रिट क्षेत्रबाट मात्र न्यायिक निरोपण हुन सक्ने विषय वस्तुको दावी लिई उचित समयभित्र विलम्ब नगरी प्रवेश गर्नुपर्ने हुन्छ । प्रस्तुत रिट निवेदनमा सोबमोजिम भएको देखिँदैन । अतः उक्त २०३५।८।१६ को निर्णयबाट विपक्षी मोही कायम भएको विषयमा निवेदकले समयमै कानूनी उपचार गराउन सकेको नदेखिनुका साथै विलम्ब गरी आएको यस निवेदनबाट मोही कायम हुने हो होइन भन्ने कुराको निर्क्यौल गर्न समेत नमिल्ने भै प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

इति संवत् २०६६ साल कात्तिक १९ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६२ सालको रिट नं. ३०९५, उत्प्रेषण परमादेश, *नगेन्द्रभगत श्रेष्ठ वि. भुवानीप्रसाद रोइला समेत* भएको मुद्दमा यसैअनुरूप निर्णय भएको छ ।

**७.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको रिट नं. ०६३-WO-

०९२४, उत्प्रेषणयुक्त परमादेश, *सुरेन्द्रकुमार थापा मगर वि. घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय त्रिपुरेश्वर समेत*

रिट निवेदकलाई ग्रेड बृद्धि रोक्काको विभागीय कार्वाही भएको स्थितिमा प्रस्तुत रिट निवेदन परेको र यसैबीचमा लिखित परीक्षा सञ्चालन भैसकेको देखिन्छ । निवेदकले उल्लेख गरेको लिखित परीक्षामा दरखास्त दिने अरु प्रतियोगीहरू सहभागी भै मिति २०६४।१।२८ र २९ गते लिखित परीक्षा सम्पन्न भैसकेकोले यस रिटबाट अन्यथा आदेश गर्दा अरु प्रतियोगीको हकमा समेत असर पर्न जाने हुँदा रिट जारी हुन नसक्ने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल मंसिर २३ गते रोज ३ शुभम् ।

८.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको रिट नं. ०६३-WO-११५४, उत्प्रेषणयुक्त परमादेश, *सुरेन्द्रकुमार थापा मगर वि. घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय समेत*

तालिम प्राप्त गरी सकेपछि फिर्ता आई त्यहाँ सिकेको ज्ञान सीप लगाउको बदला प्रहरीले खोज्नुपर्ने गरी गायब भएकाले निवेदकबाट आफूलाई लागू हुने कानून सेवा शर्तसम्बन्धी नियमावलीको ठाडो उल्लंघन मात्र भएन बलकि संगठनले आफूमाथि गरेको विश्वास Trust कै धोका Bertay गरेको देखियो । यस्तो कर्मचारीलाई संगठनको सेवामा बस्ने हक नहुने । निवेदक जस्तो Derelection Of Duty गर्ने कर्मचारीकै लागि नै कर्मचारीको सेवा शर्तसम्बन्धी कानून अर्थात् Service Law विभागीय कारवाहीको व्यवस्था गरिएको हुन्छ । निवेदकको काम कारवाही क्रियाकलाप हेर्दा निवेदक जस्तो कर्मचारी कुनै संगठनमा रहने हो भने त्यस्तो संगठनको कर्मचारीको अनुशासन र आचरण नै धमिलिन सक्ने हुँदा रिट खारेज हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल मंसिर २३ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६४ सालको रिट नं. ०६३-WO-०९२३, उत्प्रेषण, *सुरेन्द्रकुमार थापामगर वि. घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

९.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६१ सालको फौ.पु.नं. ३१७७, आयकर, *जगदिश शर्मा चुडाल वि. आन्तरिक राजश्व कार्यालय धरान*

न्याय सम्पादनमा प्राकृतिक न्यायको पालना वाध्यात्मक र अनिवार्य शर्त हो । त्यसैले यस्तो सूचना भरपर्दो र प्रभावकारी रुपमा दिनको लागि विभिन्न कानूनहरूले निश्चित कार्यविधिको व्यवस्था गरेको पाइन्छ । ती व्यवस्थाहरू वाध्यात्मक हुन्छन् र त्यस्ता कार्यविधि कानूनको अवलम्बन नगरिएको अवस्थामा वास्तविक रुपमा सुनुवाईको मौका दिएको मानिदैन । प्रस्तुत मुद्दामा उल्लिखित कम्पनी ऐनको दफा १४ ले कम्पनी वा उद्योगलाई सूचना दिनुपर्दा कम्पनीको रजिष्ट्रार कार्यालयमा हुलाकमार्फत् रजिष्ट्री गरी पठाउन पर्ने व्यवस्था गरेअनुरूप सूचना दिएको देखिदैन । यस्तो अवस्थामा स्वयं कर कार्यालयबाट जारी आयकर दर्ता प्रमाण पत्र, आयकर निर्धारण आदेश तथा अस्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रमा उल्लिखित पुनरावेदन कम्पनीको रजिष्टर ठेगानामा सूचना नपठाई काठमाडौँको पोष्ट बक्समा पठाएको पत्रलाई कानूनी रीतपूर्वकको सूचना भन्न नमिल्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

इति संवत् २०६६ कात्तिक २३ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन् :

- २०६१ सालको फौ.पु.नं.३१७८, आयकर, *जगदिश शर्मा चुडाल वि. आन्तरिक राजस्व कार्यालय धरान*

- २०६१ सालको फौ.पु.नं.३१७९, आयकर, *जगदिश शर्मा चुडाल वि. आन्तरिक राजस्व कार्यालय धरान*
- २०६१ सालको फौ.पु.नं.३१८०, आयकर, *जगदिश शर्मा चुडाल वि. आन्तरिक राजस्व कार्यालय धरान*
- २०६१ सालको फौ.पु.नं.३१८१, आयकर, *जगदिश शर्मा चुडाल वि. आन्तरिक राजस्व कार्यालय धरान*
- २०६१ सालको फौ.पु.नं.३१८२, आयकर, *जगदिश शर्मा चुडाल वि. आन्तरिक राजस्व कार्यालय धरान*
- २०६१ सालको फौ.पु.नं.३१८३, आयकर, *जगदिश शर्मा चुडाल वि. आन्तरिक राजस्व कार्यालय धरान*

**१०.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको रिट नं. ०६४-WO-००७५, उत्प्रेषण परमादेश, *मेघराज सुवेदी वि. पदपूर्ति समिति घरेलु तथा साना उद्योग विकास समिति प्रधान कार्यालय समेत*

बढुवा हुने रामकृष्ण ज्ञवालीको गुल्मी जिल्लाबाट बसाई सरेको भन्ने नदेखिएको, बढुवा दरखास्त फाराम गुल्मी जिल्लाको ठेगानाबाट भरेको देखिएको घर भएको गुल्मी जिल्लाको दुर्गम क्षेत्रको नम्बर नपाउनेमा दिएको कार्यसम्पादन मूल्याङ्कन नियमावलीमा भएको व्यवस्था विपरीतको अधिकृतबाट भरिएको देखिएको हुँदा रामकृष्ण ज्ञवाली र गोपालप्रसाद शर्माको बढुवा सिफारिश गर्ने पदपूर्ति समितिको मिति २०६३।११।२५ को निर्णय र सोउपर उजूरी सुन्ने सञ्चालक समितिको २०६४।३।२९ को निर्णय, छानवीन उपसमितिको गठनको निर्णयलगायतको काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल मंसिर २३ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६४ रिट नं. ०६४ -WO-०११४, उत्प्रेषण समेत, *सुरेन्द्रकुमार थापा मगर वि. घरेलु तथा साना उद्योग विकास समिति प्रधान कार्यालय समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**११.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको रिट नं. ०६३-WO-११३१, उत्प्रेषणयुक्त परमादेश, *सुरेन्द्रकुमार थापा मगर वि. घरेलु तथा साना उद्योग विकास समिति प्रधान कार्यालय समेत*

निवेदक अनुपस्थित भएको अवधिको असाधारण बिदा स्वीकृत गर्ने वा नगर्ने भन्ने कुरा कार्यालयको नीतिगत विषयअन्तर्गत पर्दछ । सो कुरा निवेदकले बुझ्नुपर्दछ । यस्ता नीतिगत विषयमा यस अदालतबाट हस्तक्षेप गर्न मिल्दैन । तसर्थ विपक्षी संगठनको कर्मचारी र संगठनका बीच विदा स्वीकृत गर्ने नगर्ने नीतिगत विषय भएकोले सो सम्बन्धमा रिट क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल मंसिर २३ गते रोज ३ शुभम् ।

**१२.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको फौ.पु.नं. ७०६, जालसाजी, *सुनील शम्सेर थापा वि. भैरव शम्सेर थापा समेत*

प्रमाण ऐन, २०३१ को दफा २८ अनुसार जसले जुन कुराको दावी लिन्छ त्यसको प्रमाण पु¥याउने भार सोही दावी गर्ने पक्षमा रहन्छ । सोअनुसार प्रस्तुत मुद्दामा यी पुनरावेदक वादी सुनील सम्शेर थापाले आफ्नो दावी प्रमाणित गर्ने दायित्व पूरा गर्न सकेको देखिदैन । यसरी पुनरावेदनले आफ्नो जिकीर प्रमाणित गराउन नसकेको र प्रतिवादीले विवादित जग्गाको हक नै हस्तान्तरण नगरी धितोसम्म राखेको अवस्थामा राखेको धितो बदर भई पुनरावेदकको हक सुरक्षित

भएको हुँदा पुनरावेदकले पुनरावेदन गर्दैमा पुनरावेदन पत्रलाई मात्र आधार मानी अन्य प्रमाणको अभावमा प्रतिवादीलाई सजाय गर्नु न्यायोचित नहुने ।
इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६६ साल मंसिर २१ गते रोज १ शुभम् ।

**१३.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रेम शर्मा,** २०६५ सालको रिट नं. WO-०१८१, उत्प्रेषण परमादेश समेत, *शिवबहादुर बस्नेत वि. ऋण असूली पुनरावेदन न्यायाधिकरण अनामनगर समेत*

विपक्षी ऋण असूली न्यायाधिकरण काठमाडौंको मूल्याङ्कन समितिबाट निवेदन दावीको कि.नं. २५३ को जग्गाको सम्बन्धमा गरिएको मिति २०६४।१०।२३ को मूल्याङ्कन मुचुल्का, सो आधारमा गरिएको २०६४।११।१४ को लिलामसम्बन्धी गोरखापत्रमा प्रकाशित सूचना, २०६४।१२।१९ को बोलपत्र, विपक्षी राधेश्याम कार्कीका नाममा लिलाम सकार गराई दिने गरी भएको २०६५।१।५ को आदेश एवं सोअनुरूप निजका नाममा दा.खा. दर्ता गरिदिने गरी मालपोत कार्यालय चावहिल काठमाडौंबाट २०६५।३।३१ मा भएको दा.खा. दर्ता निर्णय एवं उपरोक्त कार्यहरू सदर गर्ने गरी भएको ऋण असूली पुनरावेदन न्यायाधिकरण काठमाडौंको आदेश समेत प्राकृतिक न्यायको सिद्धान्तविपरीत भै त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।
इजलास अधिकृत : हरिहर पौड्याल
इति संवत् २०६६ साल असार २३ गते रोज ३ शुभम् ।

**१४.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६५ सालको रिट नं. ०६५-WO-०५९३, उत्प्रेषण, *नारायणप्रसाद अधिकारी वि. शिक्षा मन्त्रालय समेत*

दैवी प्रकोप परी, खोलो पैरो लागि पहिरो जस्तो प्राकृतिक प्रकोपबाट जग्गाको भौतिक स्वरुप नै परिवर्तन भएको अवस्थामा वाहेक जग्गाको अप्रत्यासित रुपमा अवमूल्यन हुने स्थिति कदापी सिर्जना हुँदैन । न्यूनतम मूल्य कायम भई ऋण प्रवाह गरेको अवस्थामा सो भन्दा अवमूल्यन हुनुपर्ने आधार र कारण ऋणिले पाउनु पनि उसको कानूनद्वारा संरक्षित अधिकार हो । त्यसलाई आत्मनिष्ठ रुपमा कुण्ठित गर्ने छुट कसैलाई हुँदैन । तसर्थ एकपटक आफूले नै स्वीकार गरिसकेको मूल्यलाई अन्यथा प्रमाणित नभएसम्म मनोगत आधारमा अवमूल्यन गर्न पाउने सच्छन्द अधिकार कसैलाई प्रदान भएको छ भनी मान्नु प्रचलित र प्रतिपादित सिद्धान्त विपरीत पर्न जाने ।

मालपोत कार्यालयबाट निर्धारण गरिएको न्यूनतम मूल्याङ्कन रजिष्ट्रेशनको प्रयोजनका लागि निर्धारित सामान्य न्यूनतम मूल्य निर्धारण हो तसर्थ यसलाई वास्तविक मूल्य निर्धारणको आधार बनाउन नमिल्ने ।
इजलास अधिकृत : नारायणप्रसाद रेग्मी
इति संवत् २०६६ कात्तिक १८ गते रोज ४ शुभम् ।
यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन् :

- २०६५ सालको रिट नं. ०६५-WO-०५९२, उत्प्रेषण, *सन्तोष न्यौपाने वि. शिक्षा मन्त्रालय मेत*
- २०६५ सालको रिट नं. ०६५-WO-०५९४, उत्प्रेषण, *राजेन्द्रप्रसाद सिग्देल वि. शिक्षा मन्त्रालय मेत*

**१५.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०३८४, निषेधाज्ञा, *रामकिशोर सिँह भूमिहार वि. खेहरू मण्डल धानुक समेत*

सर्लाही जिल्ला अदालतमा चलेको जग्गा खिचोला मुद्दाबाटै निवेदन दावीको जग्गा खिचोलाको विवादको विषयमा न्याय निरोपण भैसकेको र खिचोला ठहरेको जग्गा कानूनबमोजिम निवेदकले चलन चलाई लिन पाउने नै हुँदा निषेधाज्ञा मुद्दाबाट आदेश जारी गर्न नपर्ने ।
इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
इति संवत् २०६६ साल मंसिर ११ गते रोज ५ शुभम् ।

१६.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०३८३, निषेधाज्ञा, *मनोज सिँह समेत वि. शैलकुमारी देवी*

दावीको कि.नं. ५७ को घर जग्गा साविक राजनन्दन सिँहको नाममा घरबास लेखिएको फिल्डबुक उतारबाट देखिँदा निजको शेषपछि हकवालामा सर्दै हाल निवेदिकाको हक भोगमा रहेकोमा विवाद देखिँदैन । निवेदिकाको सोही घरबासको कि.नं. ५७ को घर जग्गालाई पुनरावेदकहरूले डरधाक देखाई घरबाट उठाउने, अतिक्रमण गर्न लागेको भन्ने निवेदन व्यहोरा रहेको देखिन्छ । विपक्षी पुनरावेदकहरूले कि.नं. ५७ को जग्गा एलानी हो, निवेदिकाको हक भोगको प्रमाण छैन भनी लिखित जवाफ दिएको देखिँदा विपक्षीहरूले अतिक्रमण गर्ने आशंका नै देखिन्छ । तसर्थ निवेदिकाको कि.नं. ५७ को ०-०-१८ को घर घडेरी जग्गामा कुनै किसिमले हस्तक्षेप नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा निषेधाज्ञा जारी हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल मंसिर ११ गते रोज ५ शुभम् ।

१७.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको दे.पु.नं. ०६४ CI- ०४५८, निषेधाज्ञा, *बिकुमाया सैंजु समेत वि. प्रिमियर फिनान्स कम्पनी मानभवन समेत*

निवेदिकाहरूलाई धरपकड गर्ने पक्राउ गर्ने इत्यादि कार्य नगरेको र वडा प्रहरी कार्यालय जगातीबाट निवेदिकालाई छलफलमा आउन बोलाएको सम्म हो भनी लिखित जवाफ दिएको देखिँदा निवेदिकाहरूले जिकीर लिएअनुसार पक्राउ गर्ने धरपकड गर्ने आशंकाको स्थिति देखिदैन । यसका साथै विपक्षी फिनान्स कम्पनीबाट सत्यम सैंजूले लिएको कर्जाबापत राखेको धितो लिलाम भएउपर उपरोक्त लिलाम बदर र अन्य व्यक्तिहरूमा हक हस्तान्तरण भएकोमा लिखत बदर मुद्दा भक्तपुर जिल्ला अदालतमा कार्वाहीयुक्त रहेको भन्ने निवेदनमा नै उल्लेख भै रहेको हुँदा सोही मुद्दामा फैसला हुँदा ठहरेबमोजिम हुने नै हुँदा र निवेदिकाहरूलाई पक्राउ, धरपकड गर्ने उद्देश्य नभएको भन्ने लिखित जवाफमा उल्लेख भै रहेको हुँदा मागबमोजिम निषेधाज्ञा जारी गर्न नपर्ने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल मंसिर ११ गते रोज ५ शुभम् ।

१८.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको रिट नं. WO-०४२४, परमादेश समेत, *ज्योति पौडेल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत*

घरेलु हिंसाबाट पीडित महिलाले दिएको उजूरीउपर अनुसन्धान गर्ने, अभियोग लगाउने आदि अभियोजन कार्य सम्बन्धमा पछिल्लो ऐन घरेलु हिंसा (कसूर र सजाय ऐन) २०६६ मा कुनै व्यवस्था नभएको, पीडकलाई प्रभावकारी सजायको व्यवस्था नभएको यस प्रकारका संवेदनशील मुद्दामा छिटो न्याय प्रदान गर्न छुट्टै अदालतको व्यवस्था नभएको पीडितलाई पुनर्स्थापना गर्ने राहतको लागि केही व्यवस्था नभएको हुँदा नेपालले आफ्नो Treaty Obligation पूरा गरेको नदेखिएकोले यस अदालतले Guardian Of the Fundamental Right of the Citizen को नाताले असाधारण अधिकारअन्तर्गत नेपाल सरकारको नाममा उपयुक्त आदेश जारी गर्न सक्ने । महिला र बालबालिका दुवै अति संवेदनशील वर्ग हुन् । यी दुवै वर्गलाई राज्यको संरक्षण आवश्यक पर्छ । महिला पीडित भएको सबै खाले मुद्दा र खासगरी घरेलु हिँसासम्बन्धी महिला पीडित भएको मुद्दामा अन्य मुद्दामा जस्तो साधारण अदालतबाट मुद्दा हेरिदा महिलाहरूले न्याय पाए पनि लामो परिश्रम र ढिला गरी न्याय पाउने र न्याय पाउन सामान्य अदालतमा जाँदा Humiliate भएर न्याय प्राप्ति गर्ने अवस्था आउँछ । त्यसैले राज्यले महिला पीडित भएका सबै खाले फौजदारी

मुद्दा र खासगरी घरेलु हिँसासम्बन्धी मुद्दा मात्र हेर्ने बेग्लै अदालत गठन गर्दा त्यस्तो अदालतबाट पीडित महिलाले छिटो-छरितो र Humiliate नभई शुलभ न्याय पाउने हुनाले महिला पीडित भएका फौजदारी मुद्दा खासगरी घरेलु हिँसाबाट पीडित मुद्दाहेर्ने एउटा छुट्टै Fast Track Court गठन गर्नेतर्फ महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको ध्यानाकर्षण गर्नुपर्ने ।

महिला पीडित भएको फौजदारी मुद्दा हेर्ने छुट्टै Fast Track Court गठन गर्न कानून आवश्यक पर्छ । यसको साथै जनशक्ति रकम एवं भौतिक पूर्वाधार पनि आवश्यक पर्ने हुँदा सो बारे पहिला अध्ययन हुनुपर्छ । पहिला अध्ययन हुन आवश्यक देखिएकोले उक्त कुराहरू अध्ययन गरी नेपाल सरकार महिला तथा बालबालिका मन्त्रालयसमक्ष प्रतिवेदन पेशगर्न चार सदस्यीय समिति गठन गरिदिएको छ । Fast Track Court गठनसम्बन्धी समितिले दिएको राय नेपालमा एकै पटक लागू गर्न कठिन हुनसक्छ तसर्थ क्रमशः नेपाल सरकारले लागू गर्दै जानू भनी निर्देशनात्मक आदेश समेत जारी हुने ।

महिला तथा बालबालिका मन्त्रालयको सहसचिव स्तरको प्रतिनिधि - संयोजक
सर्वोच्च अदालतको सहरजिष्ट्रार - सदस्य
कानून मन्त्रालयको सहसचिव स्तरको प्रतिनिधि - सदस्य
महिला मन्त्रालयले तोकेको एकजना महिला प्रतिनिधि - सदस्य

इजलास अधिकृत : हरिहर पौडेल
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६६ साल साउन २८ गते रोज ४ शुभम् ।

१९.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. ३५१९, परमादेश, *बाबुराम गिरी समेत वि. सं.प्र.म. गिरिजाप्रसाद कोइराला समेत*

असाधारण अधिकारअन्तर्गत यस अदालतबाट जारी हुने आदेशका सम्बन्धमा एउटा मान्य सिद्धान्त के हो भने जुन काम सरकारी निकाय वा सरकार वा अन्य सार्वजनिक पदाधिकारी वा निकायबाट भई हक हनन् भएको भनिएको हो, उक्त निर्णय यथास्थितिमा रही अवस्था परिवर्तन भएको हुनुहुँदैन । त्यस्तो अवस्थामा मात्र यस अदालतले मनासिव र उपयुक्त आदेश जारी गर्दछ । तर अवस्था परिवर्तन भइसकेको छ भने आदेश निरर्थक हुने गरी आदेश जारी गर्दैन । यसमा जसलाई निलम्बन गरिपाऊँ भन्ने माग गरिएको हो, ती पदाधिकारीहरू कानूनबमोजिम अवकाश भैसकेको भन्ने देखिएको हुँदा अब निलम्बन गर्नु भन्ने आदेश गर्दा आदेश Infructious हुने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : हरिहर पौडेल
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६६ साल साउन २८ गते रोज ४ शुभम् ।

२०.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको स.फौ.पु.नं. ०६५-CR–०१५२, कर्तव्य ज्यान, *दिलबहादुर लामा वि. नेपाल सरकार,* २०६५ सालको साधक नं. ०६५-RC-००३१, *नेपाल सरकार वि. दिलबहादुर लामा*

सोधिएका सवालको मतलब र परिणाम सम्झाई बुझाई स्वतन्त्र अदालतबाट सोधिएको प्रश्नलाई सोही अर्थका बुझी स्वतन्त्रतापूर्वक अभियुक्तले दिएको जवाफलाई अदालतले प्रमाण नबुझी प्रमाण ऐन २०३१ को दफा ४ अनुसार प्रमाणमा लिन हुने । तथ्यहरूको सृंखला एकापसमा मिली अदालत समक्ष गरेको साविती वयान सार्थित भएको देखिँदा निज दिलबहादुरले मृतक कमान सिँहलाई चक्कु (छुरी) ले प्रहार गरी कर्तव्य गरी मारेको भन्ने शंकारहित तवरबाट प्रमाणित भएकोले प्रतिवादी दिलबहादुर लामा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसूरदार ठहर्ने ।

प्रतिवादी पेशेवर अपराधी नभएको र निजको घरको मुख्य व्यक्ति भई निजमा आश्रित व्यक्तिको भरणपोषणको जिम्मेवारी समेत रहेको देखिन्छ । साथै निज स्वयंले घट्ना र अपराधप्रति

पश्चाताप गर्दै सुध्रने मौकाको याचना गरेको र परिवारप्रतिको सामाजिक न्यायको दृष्टिबाट समेत मुलुकी ऐन अदालती बन्दोबस्तको १८८ नं. बमोजिम निजलाई १५ (पन्ध्र) वर्ष मात्र कैदको सजाय हुने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ कात्तिक २५ गते रोज ४ शुभम् ।

२१.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको रिट नं. ०६४-WO-०५४१, उत्प्रेषणयुक्त परमादेश, *अनादिराज खनाल समेत वि. नेपाल टेलिकम समेत*

कुनै संगठनका बहालवाला कर्मचारी र भूतपूर्व कर्मचारीको हकमा दिइने आर्थिक सुविधा समान रुपमा रहेको हुँदैन । बहालवाला कर्मचारीलाई तलब भत्तालगायतको सुविधा प्राप्त हुन्छ भने भूतपूर्व कर्मचारीका हकमा निवृत्तभरणसम्मको सुविधा प्रदान गरिएको हुन्छ । यस्तै प्रकारले संगठनले प्रदान गर्ने अन्य आर्थिक सुविधामा वहालवाला कर्मचारी र भूतपूर्व कर्मचारी हकमा समानता हुनुपर्छ भन्नु तर्कसंगत हुँदैन । कसलाई कति शेयर दिने भन्ने कुरा संगठनको आन्तरिक नीतिगत कुरा मान्नुपर्दछ । अवकाश प्राप्त कर्मचारीका हकमा बहालवाला सरह शेयर लगायतका आर्थिक सुविधा दिन कुनै संगठन बाध्य हुँदैन । सो कुरा संगठनको स्वविवेकको कुरा हुन्छ र यसबाट शेयर बाँडफाँडमा भेदभाव भयो भन्न नमिल्ने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल असोज १८ गते रोज १ शुभम् ।

२२.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको रिट नं. ०६३-WO-०७६३, उत्प्रेषण परमादेश, *हीराशोभा तुलाधर वि. कमलकाजी बानिया समेत*

निवेदन दावीको कि.नं. १०१७ को घर जग्गामा निवेदिका हीराशोभाले लक्ष्मीशोभाउपर लिखत पारीत मुद्दा दिई काठमाडौं जिल्ला अदालतबाट मिति २०३५।११।६ मा निवेदिका हिराशोभा तुलाधरका नाममा छोडपत्र पास हुने ठहराई फैसलाउपर विपक्षी कुलमान बानिया समेत वादी भै हीराशोभा तुलाधर समेतउपर चलेको फैसला बदर र खिचोला हक कायम मुद्दा तह-तह हुँदै यस अदालतको २०४३ सालको दे.पु.इ.नं. ८७ को खिचोला हक कायम मुद्दामा पूर्ण इजलासबाट मिति २०४५।८।२३।५ का फैसलाले वादी कुलमान बानिया समेतको आगन देवता रहेको विवादित आगन घर प्रतिवादी हीरासोभा तुलाधरको हक कायम हुन नसक्ने भनी वादीहरूको साभला गुठीको घर कायम गरेको तत्कालीन मध्यमाञ्चल क्षेत्रीय अदालतको फैसला सदर गरेको देखिन्छ र २०४३ सालको दे.पु.इ.नं. ८८ को फैसला बदर मुद्दामा पनि पूर्ण इजलासबाट छोडपत्र पास हुने ठहराएको फैसला बदर गरेको तत्कालीन मध्यामाञ्चल क्षेत्रीय अदालतको इन्साफ सदर गरेको देखिन्छ । उक्त मुद्दामा विपक्षी वादीहरूको साझा गुठीघर कायम गरेको फैसला अन्तिम भएर बसेको देखिन्छ र निवेदिकाको नाउँमा जग्गाधनी पूर्जाको छायाँकपी हेर्दा उक्त घरमा बानियाहरूको देवता राखिएकोले सबै बानियाहरूले पूजाआजा गर्न पाउने भनी उल्लेख भएको देखिन्छ । यस अदालतको अन्तिम फैसलाबाट विपक्षीहरूको देवताघर ठहरी यस अघि नै विवादको निरुपण भैसकेको विषयमा यस रिट निवेदनबाट हस्तक्षेप गर्न नमिल्ने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल असोज २२ गते रोज ५ शुभम् ।

२३.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको रिट नं. ०६४-WO-०२५३, उत्प्रेषण परमादेश, *भुवनराज भट्ट वि. सूचना तथा सञ्चार मन्त्रालय समेत*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई विपक्षी नेपाल टेलिभिजनको परीक्षा सञ्चालन सम्बन्धमा रद्ध पर्न निर्देशन दिने अख्तियारी छ वा छैन ? तत्सम्बन्धमा हेरी निर्णय गर्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई विपक्षी बनाई रिट निवेदन परेको हुनुपर्दछ । रिट निवेदकले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई विपक्षी बनाएको देखिएन । यस स्थितिमा तथ्यभित्र प्रवेश गरी उक्त निर्देशन रीत वेरीत के हो र उक्त निर्देशन कार्यान्वयन गर्न नेपाल टेलिभिजन वाध्य छ छैन यसतर्फ थप विवेचना गर्न नमिल्ने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

इति संवत् २०६६ साल मंसिर ७ गते रोज १ शुभम् ।

**२४.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको फौ.पु.नं. ०६४-CR-०४११, ठगी, *नेपाल सरकार वि. कृष्णराज पन्त समेत*

महायज्ञका लागि विभिन्न व्यक्तिबाट चन्दा संकलन गरेको भनेकोमा त्यसरी चन्दा संकलन गरिएको भनी प्रतिवादी कृष्णराज पन्तले गरिदिएको भर्पाई पेश भएकोमा सो भपाई आफूले गरी नदिएको भनी प्रतिवादीले अदालतमा वयान गरेका र सो भर्पाई प्रतिवादी कृष्णराज पन्तले नै गरिदिएको भन्ने कुरा विशेषज्ञको रायबाट र अन्य कुनै प्रमाणबाट पुष्टि हुन सकेको पाइएन । त्यसमा पनि सो भर्पाई जाहेरवालाहरूले जाहेरी दर्खास्तसाथ पेश गर्न नसकी अभियोगपत्र साथ पेश भएको देखिँदा त्यसको विश्वसनीयता र आधिकारिकतामा प्रश्नचिन्ह उपस्थित भएको छ । त्यस्तो प्रमाणलाई प्रतिवादीहरू उपरको अभियोग प्रमाणित गर्ने दरिलो प्रमाण मान्न मिलेन । कोटीहोम सम्पन्न भएको करीब १ वर्ष पश्चात् मात्र जाहेरी परेको देखिँदा प्रतिवादीहरूको कार्यबाट जाहेरवालाहरू पीडित भएका हुन् भनी विश्वास गर्ने मनासिव आधार नदेखिने ।

इजलास अधिकृत : नारायण रेग्मी

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल कात्तिक ८ गते रोज १ शुभम् ।

**२५.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ०६३-WO-०२००, उत्प्रेषण, *विकुबहादुर बाडे वि. गणेशबहादुर खत्री समेत*

२०४९।८।१ देखि हा.व. प्राप्त गरी जग्गाधनी बनेका निवेदकलाई नबुझी निवेदकलाई सुनुवाईको मौका नदिई मोही बेदखली मुद्दामा मिति २०५५।९।२६ मा भूमिसुधार कार्यालय ललितपुरबाट भएको निर्णय प्राकृतिक न्यायको मर्मविपरीत भएकोले उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल मंसिर १० गते रोज ४ शुभम् ।

**२६.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ०६४-WO-००९३, उत्प्रेषण समेत, *जमुना कडायत वि. भूमिसुधार कार्यालय बर्दिया समेत*

कानूनले कुनै विषयमा गर्नुपर्ने कानूनी कारवाहीका सम्बन्धमा किटानी र स्पष्ट कार्यविधि निर्धारण गरेको छ भने सोही कार्यविधि अवलम्बन गरी उपचारको लागि कानूनबमोजिम अधिकार प्राप्त अधिकारी वा निकाय समक्ष प्रवेश गर्नुपर्ने हुन्छ । यो न्याय कानूनको मान्य सिद्धान्त पनि हो । अन्य कुनै कार्यविधि वा बाटो नभएको अवस्थामा रिट क्षेत्र आकर्षित हुन्छ । रिट क्षेत्रबाट प्रमाण बुझी विवादको निराकरण गरिँदैन । हदबन्दीभन्दा बढी जग्गा प्राप्त गरे नगरेसम्बन्धी प्रश्नमा प्रमाण बुझी इन्साफ गर्नुपर्ने विषय भएकोले रिट क्षेत्रबाट गर्न नसकिने ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन् :

- २०६४ सालको रिट नं. ०६४-WO-००६१, उत्प्रेषण समेत, *फत्तेबहादुर सोडारी वि. भूमिसुधार कार्यालय बर्दिया समेत*

- २०६४ सालको रिट नं. ०६४ - WO- ००९२, उत्प्रेषण समेत, *तेजे ठकुल्ला वि. भूमिसुधार कार्यालय बर्दिया समेत*

इजलास अधिकृत : नारायण रेग्मी
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६६ साल मंसिर १८ गते रोज ५ शुभम् ।

**२७.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. २५०६, उत्प्रेषण, *रतिशचन्द्रलाल सुमन वि. नेपाल नागरिक उड्डयन प्राधिकरण केन्द्रीय कार्यालय समेत*

रिट निवेदकलाई विभागीय कारवाही स्वरुप नसिहतको सजायसम्म भएको देखिएको र नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरूको सेवाका शर्त र सुविधासम्बन्धी नियमावलीको नियम ६.४ तथा नियमावलीको समग्र अध्ययनबाट नसिहत सजाय पाएका कर्मचारीले बढुवा तथा बृत्तिविकासलगायतका अवसरबाट बञ्चित हुनुपर्ने भन्ने नदेखिएको र विभागीय कारवाहीको सिलसिलामा भएका सामान्य सजायका विषयमा रिट क्षेत्रबाट हस्तक्षेप गर्दा समग्र प्रशासनिक व्यवस्थामा समेत नकारात्मक परिणाम आउनसक्ने ।

इजलास अधिकृत : नारायण रेग्मी
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६६ साल कात्तिक २९ गते रोज १ शुभम् ।

**२८.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३१५३, आयकर, *आन्तरिक राजश्व कार्यालय बिराटनगर वि. पूजा इन्टरनेशनल बिराटनगर*

प्रस्तुत मुद्दामा आफूले बिक्री गरेको भनिएका बीलवाहेक अन्य कुनै ठोस तथ्ययुक्त प्रमाण पेश गर्न सकेको देखिदैन । आफै पक्ष भएको अवस्थामा आफैले काटेका (जारी गरेका) बीललाई अन्य प्रमाणबाट पुष्टि गर्न नसकेसम्म स्वतन्त्र र अकाट्य प्रमाण मान्न मिल्दैन । उक्त बीललाई समर्थन वा प्रमाणित गर्ने अन्य कुनै प्रमाण पूजा इन्टरनेशनलले पेश गर्न र दावी गर्न सकेको देखिँदैन । यस्तो अवस्थामा मौज्दात (परल) मूल्यलाई आधार मानी आन्तरिक राजश्व कार्यालयले निर्धारण गरेको खुद आयलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६६ साल असोज २७ गते रोज ३ शुभम् ।

**२९.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ०६४-WO-०९११, उत्प्रेषण, *रत्नकुमारी थापा वि. भूमिसुधार कार्यालय समेत*

स्व. झंकबहादुरको मृत्युपश्चात् जग्गाधनी बीरेन्द्रकुमार थापाले निजका हकदारमध्ये प्रेमबहादुर थापालाई मोहीमा पत्याई निजका नाममा मोही नामसारी गरिदिन मञ्जूरी दिएको कुरा भूमिसुधार कार्यालय काठमाडौंको लिखित जवाफ र स्वयं निवेदिकाको रिट निवेदन लेखाइबाट देखिन आउँछ । यस स्थितिमा जग्गाधनीले पत्याएका प्रेमबहादुर थापाका नाममा मोही नामसारी गर्ने गरी भएको भूमिसुधार कार्यालय काठमाडौंको निर्णय हो भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : नारायण रेग्मी
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६६ साल मंसिर १८ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६४ सालको रिट नं. ०६४-WO-०९१३, उत्प्रेषण समेत, *रत्नकुमारी थापा वि. भूमिसुधार कार्यालय बबरमहल समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**३०.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ०६४ WO-०९१२, उत्प्रेषण समेत, *रत्नकुमारी थापा वि. भूमिसुधार कार्यालय समेत*

रिट निवेदिकाले कि.नं. ३५४ को जग्गामा आफूले घर बनाई बसोबास गरेको भनी रिट

निवेदनमा दावी गरेको र विपक्षी प्रेमबहादुर थापाले उक्त कि.नं. ३५४ कित्ता फोड भै कि.नं. १९२१ र १९२२ कायम भएको र आफ्ना नाममा कायम भएको कि.नं. १९२१ पनि कित्ता फोड भै कि.नं. १९५४ र १९५५ कायम भएको तथा कि.नं. १९५४ मा घर रहेको भनी लिखित जवाफमा उल्लेख गरेको सन्दर्भमा विवादको जग्गामा घर रहेभएको भन्ने सम्बन्धमा दुबै पक्षबीच विवाद निहीत रहेको देखिन आयो । घर रहेभएको सम्बन्धमा विवाद उत्पन्न भएपछि सो जग्गामा घर भए नभएको के हो ? सो घर कसको हो र कसको कायम हुने भन्ने प्रश्नहरूको निराकरण नगरी भएको हदसम्मको भूमिसुधार कार्यालय, काठमाडौँको मिति २०६३।१२।८ को निर्णय कानूनी त्रुटिपूर्ण देखिँदा सो हदसम्म उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : नारायण रेग्मी

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल मंसिर १८ गते रोज ५ शुभम् ।

## इजलास नं. ४

### १.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री रणबहादुर बम,** २०६५ सालको फौ.पु.नं.०७२४, कर्तव्य ज्यान, *बीरबहादुर तामाङ वि. नेपाल सरकार*

सहअभियुक्तहरूको वयान, शवपरीक्षण प्रतिवेदन, लाशप्रकृति मुचुल्काका व्यहोराहरू लगायतका समग्र प्रमाणहरूबाट मृतक दुर्गा तामाङको मृत्यु प्रतिवादी बीरबहादुर तामाङले वयान गरेजस्तै वा जिकीर लिएजस्तै मृतकको मृत्यु गालामा २।४ थप्पड हिर्काएको र दाउराले खुट्टामा हिर्काएको साधारण कुटपीटको चोटबाट मात्र भएको भन्ने नदेखिई मृतकको मृत्यु असामान्य किसिमको कुटाई र सोको कारण टाउकोमा चोट लागी टाउकाको हड्डीसमेत फुट्न गई मस्तिष्कमा रक्तश्राव भै मृत्यु हुनगएको भन्ने देखिनआउँछ । यसबाट मृतकको मृत्यु गम्भीर कुटपीट र चोटबाट भएको प्रमाणित हुनआएको छ । यस्तो प्रकारको कुटपीटबाट भएको मृतकको मृत्युलाई भवितव्यको संज्ञा दिन मिल्ने अवस्था नदेखिई ज्यानसम्बन्धी महलको ५ नं. र ६ नं. आकर्षित हुन्छ भनी भन्न नमिल्ने ।

इजलास अधिकृत : कृपासुर कार्की

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल असार २४ गते रोज ४ शुभम् ।

### २.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६६ सालको रिट नं. ००६८, वन्दीप्रत्यक्षीकरण, *भीमेन्द्रकुमार गोयल वि. काठमाडौँ जिल्ला अदालत समेत*

निवेदकको यस अदालतमा परेको निवेदनमा निस्सा प्राप्त भै पुनरावेदनको रोहबाट हेरिने भएपछि सो पुनरावेदनको निराकरण हुनुपूर्व नै पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्तिम मानी फैसला कार्यान्वयन गरिनुलाई कानूनसम्मत भन्न मिलेन । सहरजिष्ट्रारबाट मुद्दामा लागेको कैदवापत अ.वं. १९४ नं को सुविधासमेत प्रदान भैसकेको परिप्रेक्ष्यमा र एकल इजलासबाट २०६६।१।२१ मा पछि दोहोऱ्याउने निस्सा भएमा अ.वं. १९४ नं. को देहाय ६ अनुसार जफत हुने ठहरेको विगोबापत पनि धरौटी वा जमानी लिनुपर्ने भए आवश्यकता र उपयुक्तताको आधारसमेत खुलाई धरौटी वा जमानीको अङ्क यकीन गर्न सकिने नै भन्ने आदेश भएको देखिएको समेतका आधारबाट निवेदकको थुनालाई कानूनबमोजिमको थुना हो भनी भन्न नमिल्ने ।

इजलास अधिकृत : कृपासुर कार्की

इति संवत् २०६६ साल जेठ २६ गते रोज ३ शुभम् ।

### ३.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको दे.पु.नं. ०३६६, घर खाली गराई पाऊँ, *रामकृष्ण साह तेली वि. विद्यानन्द साह तेली*

पुनरावेदक वादीले दावीबमोजिमको जग्गामा बनेको घर आफूले बनाएको भनी प्रमाणित

गर्न नसकेको पुनरावेदन अदालतबाट भएको नक्सा सर्जमिनबाट उक्त विवादित जग्गामा बसोबास गराउने व्यक्ति प्रतिवादीका बाबु भएको भन्ने देखिएको र प्रमाणमा आएको चोरी मुद्दाको मिसिलबाट यी पुनरावेदक वादी स्वयंले देखाएको रामगुलामको वतन समेतबाट यी प्रत्यर्थी प्रतिवादीकै बसोबास उक्त घर जग्गामा पहिलेदेखि नै रहेको देखिन आएको विवादित घर आफूले बनाएको भनी आफ्नो दावी पुनरावेदक वादीले पुष्टि गर्न नसकेको अवस्था हुँदा शुरु सुनसरी जिल्ला अदालतले वादी दावीबमोजिम घर बनाउनेको ९ नं. बमोजिम घर खाली गरिदिनुपर्ने ।

इजलास अधिकृत : कृपासुर कार्की

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल असार २१ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन् :

- २०६३ सालको दे.पु.नं. ०३६७, घर खाली गराइ पाऊँ, *रामकृष्ण साह तेली वि. लक्ष्मीनारायण तेली*
- २०६३ सालको दे.पु.नं. ०३६८, घर खाली गराइ पाऊँ, *रामकृष्ण साह तेली वि. रामनारायण साह तेली*

**४.**

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६६ सालको रिट नं. WO-०००२, उत्प्रेषणयुक्त परमादेश समेत, *ब्रजकिशोर यादव वि. लोकसेवा आयोगको कार्यालय समेत*

निवेदक ब्रजकिशोर यादव एवं विपक्षमा रहेका रामदेवप्रसाद यादव दुवै द्वितीय श्रेणीमा अधिकृतको हैसियतमा पाँच वर्षभन्दा बढी सेवा अवधि पूरा गरिसकेका देखिनाले निजामती सेवा ऐन, २०४९ को दफा २१(१) अनुसार नै निजहरूले बढुवाको लागि उम्मेद्वार हुन चाहिने सेवा अवधि पूरा गरिसकेका अवस्थामा निजहरू दुवैको लागि उक्त ऐनको दफा २१(२) को विशेष छुट (Special Grace) को प्रयोजन औचित्यहीन भएकोले निजहरूको बढुवाको निमित्त निजामती सेवा ऐन, २०४९ को दफा २१(१) ले व्यवस्था गरेको न्यूनतम् सेवा अवधि अर्थात् पाँच वर्षको नै कार्य सम्पादन मूल्याङ्कनबाट प्राप्त हुने अङ्कको औसत अङ्क गणना गरी बढुवासम्बन्धी निर्णय गर्नुपर्ने हुँदा मात्र ४ वर्षको सेवा अवधिको अङ्क गणना गरी विरुद्ध खण्डमा उल्लिखित राजदेव यादवलाई बढुवा गरिएको विपक्षी बढुवा समितिको मिति २०६६।२।१० को निर्णय, मिति २०६६।२।११ को सिफारिशको सूचना तथा सोही निर्णयलाई सदर गरेको विपक्षी लोकसेवा आयोगको मिति २०६६।०४।०१ को निर्णय र सोसंग सम्बन्धित कामकारवाही त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : हरिहर पौड्याल

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल माघ १९ गते रोज ३ शुभम् ।

## इजलास नं. ५

**१.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको रिट नं. २८६८, उत्प्रेषणयुक्त परमादेश समेत, *बिष्णुप्रसाद मैनाली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

रिट निवेदकलाई नोकरीबाट हटाउने अधिकार नभएका सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकबाट सोझै सजायको प्रस्ताव गरी नोकरीबाट हटाउने प्रस्ताव गरेको स्पष्टीकरण र सोही स्पष्टीकरणलाई आधार बनाएर सजाय गर्न पाउने अधिकारी (श्री ५ को सरकार राज्यमन्त्रीस्तर) समक्ष पेश गरी सोही प्रस्तावलाई समर्थन जनाइएको मिति २०५९।२।१४ को निर्णय र सोही प्रस्तावलाई नै श्री ५ को सरकार मन्त्रिपरिषद्बाट सदर गर्ने गरेको निर्णय प्रत्यक्षतः न्यायिक मनको प्रयोग नभएको कानूनी त्रुटिपूर्ण एवं प्राकृतिक न्याय सिद्धान्त विपरीत भएको देखिन आयो । अतः प्रारम्भदेखिको काम कारवाही नै त्रुटिपूर्ण अधिकारक्षेत्रविहीन भएको र सोही त्रुटिपूर्ण

कामकारवाहीको आधारमा गरिएको उपरोक्त निर्णयसमेत गैरकानूनी र त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : हेमबहादुर सेन
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल पुस १४ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६२ सालको रिट नं. २८६९, उत्प्रेषणयुक्त परमादेश समेत, *सनतकुमार बस्नेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**२.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६० सालको फौ.पु.नं. ३०१६, ठगी, *नेपाल सरकार वि. अजीज कवारी*

प्रतिवादीले जाहेरवालासँग समिद कवारीलाई विदेशमा वैदेशिक रोजगारको काममा पठाइदिने भनी धोखाको नियतले रु. ३५,०००।- लिएको पुष्टि हुन गएको र निज प्रतिवादीसँग वैदेशिक रोजगारको कारोवार संचालन गर्ने आधिकारिक इजाजत अनुमतिपत्रसमेत नभएको अवस्थामा जाहेरवालाको ज्वाई पीडित समिद कवारीलाई नक्कली भीसा बनाई गलत तरिकाले विदेश कतार पठाउने सम्मको परिपञ्च रची दूषित मनसायले गरेको कार्य ठगीको परिभाषाभित्र पर्ने नै देखिँदा पुनरावेदन अदालत जनकपुरले ठगीको माग दावी लिई परेको पुनरावेदनमा इन्साफ गर्नुपर्नेमा ठगीको परिभाषाअन्तर्गत नपर्ने वैदेशिक रोजगारको परिभाषाअन्तर्गत पर्ने हुँदा कानूनविपरीत दायर अभियोग पत्र र नेपाल सरकारको पुनरावेदन पत्र समेत खारेज गर्न नमिल्ने ।

इजलास अधिकृत : श्रीप्रसाद संजेल
कम्प्युटर : भवानी ढुंगाना
इति संवत् २०६६ साल भदौ २१ गते रोज १ शुभम् ।

**३.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ८५२७, अपुताली, *प्राणमती थरुनी वि. नारायणप्रसाद थारू(चौधरी) समेत*

अपुतालीको २० नं.ले अपुताली परेको तीन वर्षभित्र नालिस नदिए लाग्न सक्दैन भन्ने निर्दिष्ट भएको कानूनी व्यवस्थाको हदम्यादसमेत नघाई उनाउ व्यक्तिको नाममा कायम भएको सम्पत्तिमा कानूनद्वारा निर्दिष्ट हदम्यादसमेत गुजारी परेको दावीबाट इन्साफ गर्न नमिल्ने ।

इजलास अधिकृत : श्रीप्रसाद संजेल
कम्प्युटर : भवानी ढुंगाना
इति संवत् २०६६ साल साउन २८ गते रोज ४ शुभम् ।

## इजलास नं. ६

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६१ सालको फौ.पु.नं. ३५१६, भ्रष्टाचार, *शिवबहादुर स्वाँर वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी शिवबहादुरले आफ्नो पर्सबाट बरामद भएको रकम लीलाप्रसादले घर्रामा छाडेको कुरामा अधिकारप्राप्त अधिकारीसमक्ष वयान गर्दा उल्लेख गरेको र अदालतमा इन्कार रहे पनि अभियुक्त शिवबहादुर स्वाँर अ.दु.अ.आ. ले आफ्नो पर्सबाट रकम झिकी बरामद गरेको भन्ने स्वीकार गरेको तथा सहअभियुक्त लीलाप्रसाद, दुर्गाप्रसादले समेत अधिकारप्राप्त अधिकारी र अदालतमा वयान गर्दा राहदानी बनाउन कागज रकम बरामद भएको कुरा स्वीकार गरेको स्थितिमा घट्नाका सृङखलाहरू क्रमबद्ध रुपमा मिल्न आएको कारण एवं रकम पर्समा राखेको समेतबाट राहदानी बनाउने कार्यमा रकम लिन पुनरावेदक प्रतिवादी सहमत रहेछन् भन्ने देखिइरहेकोले पुनरावेदकले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) (क) बमोजिम रिस्वत लिन मञ्जूर गरेको देखिन आउने ।

इजलास अधिकृत : लिलाराज अधिकारी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल भदौ १४ गते रोज १ शुभम् ।

**इजलास नं. ७**

**१.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गौरी ढकाल,** २०६३ सालको रिट नं. ३४७९, उत्प्रेषण, *सतीशकुमार चौधरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

कानूनले वैकल्पिक उपचारको व्यवस्था गरिरहेको अवस्थामा यी निवेदकले सो मार्गलाई अवलम्बन गरेको देखिएन । उक्त व्यवस्था प्रभावकारी थिएन भनी निवेदकले जिकीर लिन सकेको पनि छैन । कानूनमा नै प्रभावकारी वैकल्पिक उपचारको मार्ग भइरहेको अवस्थामा सोलाई नअपनाई रिट क्षेत्राधिकारबाट सोझै उपचार प्राप्त गर्नसक्ने देखिँदैन ।

निवेदकले मुआब्जा निर्धारण समितिले निर्धारण गरेको क्षतिपूर्ति वा मुआब्जामा चित्त नबुझाई समयमा नै उजूर नगरेको र मुआब्जावापत पाउने रकम स्वयं आफैले निवेदन दिई बुझी लिएको अवस्थामा विपक्षीहरूले गरे बिराएको नदेखिएको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गरिरहन नपर्ने ।

इजलास अधिकृत : पुष्पराज थपलिया
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६६ साल पुस ३० गते रोज ५ शुभम् ।

**२.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गौरी ढकाल,** २०६३ WO-१०२८, उत्प्रेषणमिश्रित परमादेश, *हरिकृष्ण खत्री समेत वि. जिल्ला भूमिसुधार कार्यालय काठमाडौँ समेत*

जग्गाधनी र मोहीबीच जग्गा बाँडफाँड गरिपाउन निवेदन परेपछि जिल्ला भूमिसुधार कार्यालय काठमाडौँले भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ बमोजिम जग्गाधनी र मोहीबीच नरम करम मिलाई जग्गा बाँडफाँड गरी दिने निर्णय गरेको पाइन्छ । कानूनले प्रदान गरेको आफ्नो अधिकारक्षेत्र भित्र रही भूमिसुधार अधिकारीले गरेको उक्त निर्णयमा कुनै कानूनी त्रुटि नभएकोले निवेदकको मागबमोजिमको आदेश जारी गरिरहन नपर्ने ।

इजलास अधिकृत : पुष्पराज थपलिया
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६६ साल पुस ३० गते रोज ५ शुभम् ।

**३.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ WO-०३०४, उत्प्रेषणमिश्रित परमादेश, *कृष्णकुमार रायमाझी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

सूचना तामेल गर्दा निजको ठेगानामा वार्ड नं. १ भन्दा अलग वार्ड नं. २ र ३ का मानिसहरू साक्षी राखी तामेली गरिएको व्यहोरा मिसिल संलग्न तामेली प्रतिवेदनबाट देखिएको हुँदा त्यस्तो तामेलीलाई अ.वं. ११० नं. बमोजिमको रीत पुऱ्याई तामेल भएको मान्न मिल्ने पनि देखिँदैन । यस्तो स्थितिमा निवेदकलाई प्रहरी सेवाबाट हटाउने निर्णय गर्नुअघि विपक्षीहरूले प्रहरी नियमावली, २०४९ को नियम ८८ को देहाय (२) बमोजिम निजलाई आफ्नो सफाइ पेश गर्न मौका दिएको थियो भन्न सकेको अवस्था छैन । प्राकृतिक न्यायको सिद्धान्तबमोजिम कुनै पनि व्यक्तिको हक अधिकारमा आघात पर्ने गरी निर्णय गर्नुअघि त्यस्तो निकायले सम्बन्धित व्यक्तिहरूलाई उचित र पर्याप्त सुनवाईको मौका प्रदान गर्नुपर्ने हुन्छ । त्यसरी उचित र पर्याप्त सुनवाईको मौका प्रदान नगरी भएको निर्णयले कानूनी मान्यता पाउन नसक्ने ।

इजलास अधिकृत : पुष्पराज थपलिया
इति संवत् २०६६ साल माघ १८ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको २०६३ WO-०५८४, उत्प्रेषणयुक्त परमादेश, *अशोक खड्का वि. पश्चिम क्षेत्रीय प्रहरी कार्यालय पार्दी पोखरा समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**४.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६१ सालको रिट नं. ३४८५, उत्प्रेषण,

*किशोरकुमार झा समेत वि. जलस्रोत मन्त्रालय समेत*

प्राकृतिक न्यायको सिद्धान्तबमोजिम कुनै पनि व्यक्तिको हक अधिकारमा आघात पर्ने गरी निर्णय गर्नुअघि त्यस्तो निर्णय गर्ने निकायले सम्बन्धित व्यक्तिहरूलाई उचित र पर्याप्त सुनवाईको मौका प्रदान गर्नुपर्ने हुन्छ । त्यसरी उचित र पर्याप्त सुनवाईको मौका प्रदान नगरी भएको निर्णयले कानूनी मान्यता पाउन सक्ने हुँदैन । परामर्श सेवा प्रदान गर्ने परामर्शदाताहरूले दिने सेवा गुणस्तरयुक्त नभएको वा निजहरूले दिएको परामर्शबमोजिम गर्दा आयोजनाको लागतमा सामान्यतया अनुमान गरिनेभन्दा बढी थप हुन गएको अवस्था देखिने वा निजहरूलाई सुम्पिएको कर्तव्य जिम्मेवारी निष्ठापूर्वक निर्वाह नगरेको भन्ने देखिएको अवस्थामा स्पष्टीकरण माग गर्ने, सचेत गराउने, अभिलेख राख्ने लगायतका सम्बन्धमा आर्थिक प्रशासनसम्बन्धी नियमावलीमा भएको व्यवस्थाको उपयोग नगर्ने, कानूनमा परिकल्पना नै नगरिएको कदम चाली निषेध गर्ने निर्णयतर्फ भने उद्यत रहने कुरा कानून र न्यायसंगत व्यवहार मान्न नमिल्ने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल माघ १८ गते रोज २ शुभम् ।

**५.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको स.फौ.पु.नं. ०६८१, रहजनी चोरी र जबरजस्ती करणी, *नेपाल सरकार वि. रामगोपाल अहिर समेत*

जबरजस्ती करणीसम्बन्धी मुद्दा दायर गर्ने हदम्याद ३५ दिन रहेको नै मान्नुपर्ने र सो अवधि छोटो भएको तथ्यलाई स्वीकार गर्दागर्दै पनि मुलुकी ऐन जबरजस्ती करणीको महलको ११ नं ले जबरजस्ती करणीसम्बन्धी अपराध भए गरेको कुरामा सो गरेको मितिले ३५ दिनभित्र नालिस नदिए लाग्न सक्दैन भनी उल्लेख भएको अवस्थामा पनि २०५८।२।३१ मा भएको वारदातको सम्बन्धमा २०५८।११।१४ मा अभियोगपत्र दायर भएको देखिन्छ । यसरी वारदात भएको र अभियोगपत्र दायर भएको मिति हेर्दा उक्त अभियोगपत्र प्रष्ट रुपमा जबरजस्ती करणीको महलको ११ नं. को हदम्याद नघाई दायर भएको देखियो । हदम्यादसम्बन्धी कानूनी व्यवस्थालाई लम्ब्याउन तथा थमाउन नसकिने हुँदा त्यसको अक्षरसः पालना गर्नुपर्ने नै हुन्छ । तसर्थ कानूनले प्रष्ट रुपमा तोकेको हदम्याद नघाई दायर हुन आएको जाहेरी दरखास्तलाई रीतपूर्वकको मान्न नमिल्ने ।

इजलास अधिकृत : भुवनसिँह थापा र विमल पौडेल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल असार १४ गते रोज १ शुभम् ।

**६.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रेम शर्मा,** ०६३-WO-०११३, उत्प्रेषणयुक्त परमादेश, *नागेन्द्र चौधरी वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

पहिलेको सेवा २०१७ सालदेखि अविछिन्न रहेको नभै मिति २०२७।८।८ मा टुट्न गएको देखिएको र निजले पुनः मिति २०४५।१०।५ मा स्थायी नियुक्ति लिई मिति २०५९।१२।२३ सम्म सेवा गरी अनिवार्य अवकाश लिदा निवृत्तिभरणको लागि आवश्यक पर्ने सेवा अवधि बीस वर्ष नपुगेको अवस्थामा शिक्षा नियमावली, २०५९ को नियम ११९(१) (ख) बमोजिम निजलाई उपदान मात्र प्रदान गर्ने गरेको विपक्षीहरूको निर्णय एवं काम कारवाहीमा कुनै कानूनी त्रुटि नदेखिने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल पुस २८ गते रोज ३ शुभम् ।

**७.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रेम शर्मा,** २०६३ WO-३०६, उत्प्रेषणयुक्त परमादेश, *प्रमोदकुमार महतो वि. हरिप्रसाद भट्टराई समेत*

विद्यालय व्यवस्थापन समितिको निर्णयले नै निवेदकलाई अस्थायी नि.मा.वि. शिक्षक पदमा नियुक्ति दिएको र सोही समितिले नै अब उक्त शिक्षक पद आवश्यक नभएको भनी निजको सेवा

थप नगर्ने गरी गरेको निर्णयले निवेदकको संवैधानिक एवं कानूनी हकमा आघात पारेको भन्ने नदेखिएको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गरी रहन नपर्ने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल पुस २८ गते रोज ३ शुभम् ।

**८.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६५ सालको WO-०१२५, उत्प्रेषण समेत, *चूडामणि सुवेदी वि. शिक्षक सेवा आयोग समेत*

कुनै मुख्य उम्मेद्वारले १ वर्षपछि जागिर छोडेमा सो को फाइदा बैकल्पिक उम्मेदवारले पाउन सक्दछ भन्ने देखिन आउँदैन । निवेदकलाई विपक्षी जिल्ला शिक्षा कार्यालयले नियुक्ति दिने कार्य गरे पनि उक्त नियुक्ति, ऐन नियमले तोकेको प्रक्रिया पुऱ्याएर दिनुपर्ने र तोकिएको समयभित्रै दिई सक्नुपर्नेमा सोबमोजिम गर्न सकेको देखिन नआउँदा स्थायी नियुक्ति पत्र बदर गर्ने गरी गरेको कार्यले निवेदकको संवैधानिक हक हनन् नहुने ।

इजलास अधिकृत : विमल पौडेल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल भदौ १६ गते रोज ३ शुभम् ।

**९.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको रिट नं. WO-०६०७, उत्प्रेषण, *विष्णु जैसी वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत*

निर्णय गर्ने अख्तियारप्राप्त अधिकारीले गरेको निर्णय तर्क एवं पर्याप्त आधार कारणमा आधारित नभएको निर्णयले कानूनी वैधता प्राप्त गर्ने अवस्था रहँदैन । अनुसन्धान गर्ने निकायले अनुसन्धान कार्य सम्पन्न गरी दिएको पत्रलाई नै मुख्य आधार लिएर गरेको निर्णयलाई विवेकपूर्ण निर्णय मान्न मिल्ने नदेखिने ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निवेदक समेतका व्यक्तिको योग्यता नपुगेको भनी औंल्याए पनि निर्णय गर्ने अख्तियारप्राप्त निकाय शिक्षक सेवा आयोगले हरेक व्यक्ति पिच्छे के कति कारणले योग्यता नपुगेको हो भनी छुट्टाछुट्टै निर्णय गर्नुपर्नेमा सो नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्रलाई नै निर्णय मानी आफूले छुट्टै निर्णय नगरी कार्यान्वयन गरेको देखिन आउँछ । कुनै परिक्षार्थीको योग्यता नपुगेको अवस्थामा पनि सो परीक्षार्थीको दरखास्त रद्द गर्ने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई रहेको देखिन नआउने ।

इजलास अधिकृत : विमल पौडेल

इति संवत् २०६६ साल भदौ १६ गते रोज ३ शुभम् ।

**१०.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको रिट नं. २०२, उत्प्रेषण, *मिहिरकुमार ठाकुर वि. पुनरावेदन अदालत पाटन समेत*

तामेल भएको म्यादको रुपबाट नै रीत वेरीत हेरी निर्णय गर्नुपर्नेमा अप्रासंगिक रुपमा अ.वं. १७ नं. बमोजिम निवेदन परिसकेपछि अदालतको आदेशबमोजिम बाहेकको महानगरपालिकाको वडा नं. ३ को वडा सदस्यको मिति २०६२।११।०८ को सिफारिश ग्रहण गरी विवादमा नरहेका साक्षीहरूको सम्बन्धमा बोली सो आधारमा वेरीत ठहराई उक्त म्याद तामेली बदर गरी कानूनबमोजिम कारवाही गर्न पठाएको आदेश तथा सो आदेशअनुसार भए गरेको कामकारवाही मिलेको नदेखिदा उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृत : विमल पौडेल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल कात्तिक ११ गते रोज ४ शुभम् ।

**११.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको WO-३२२५, उत्प्रेषण समेत, *निर्मला रानाभाट वि. स्वास्थ्य सेवा विभाग टेकु समेत*

शारीरिक वा मानसिक अस्वस्थ्यताको कारणले कुनै कर्मचारी कुनै स्थानमा रही काम गर्न

नसक्ने कुरा नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिश गरेमा त्यस्तो कर्मचारीलाई अवधि नपुगेको अवस्थामा पनि सरुवा गर्न सकिने हुन्छ । यस कानूनी व्यवस्था तथा निवेदकलाई Deepvein Thrombosis रोग लागेकोले उक्त रोगको उपचारको सुविधा भएको स्थानमा रही नियमित फलोअप उपचार गराई रहन मिति २०६२।११।२४ को निर्णयनुसार सिफारिश गरिन्छ भन्ने मेडिकल बोर्डको सिफारिश पत्र देखिएको हुँदा उक्त परिस्थिति एवं स्वास्थ्य सेवा ऐनको दफा २१ तथा २२ समेतलाई बेवास्ता गरी निवेदकलाई चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालबाट श्री सर्कुवा स्वास्थ्य चौकी बाग्लुङमा गरिएको मिति २०६२।११।३ को सरुवा निर्णय स्वास्थ्य सेवा ऐनको दफा २१ र २२ समेतलाई ध्यानमा राखी पुनविचार गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी गरी हुने ।

इजलास अधिकृत : विमल पौडेल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल भदौ १४ गते रोज १ शुभम् ।

१२.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको रिट नं. WO-३२८९, उत्प्रेषण समेत, *रेशमलाल लामिछाने वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

कार्यरत् रहेको पद नै सरुवा गरिएको जिल्लामा नभएको र नयाँ दरवन्दी सिर्जना भएको भनी विपक्षीहरूले नदेखाई केवल निज हेल्थ असिस्टेन्टको दरवन्दीमा नै काम गरेको हुँदा निजलाई सोही हेल्थ असिस्टेन्टको पदमा नै सरुवा गरिएको हो भन्ने कुरा उल्लेख गरेकोले सो कुरा नियमसम्मत देखिन नआउने ।

इजलास अधिकृत : विमल पौडेल

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल भदौ १४ गते रोज १ शुभम् ।

१३.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. ३२९७, उत्प्रेषण, *बैकुण्ठबहादुर जि.सी. वि. स्वास्थ्य सेवा विभाग टेकु समेत*

ऐन कानूनले तोकेको निश्चित अवधि व्यतीत गरिसकेपछि पनि उक्त स्थानबाट सरुवा गर्न नमिल्ने तथा सरुवा गरेको ठाउँमा जानुपर्दैन भनी जिकीर लिन पनि नमिल्ने र सो कार्यान्वयन गर्नु नपर्ने कानूनी आधार एवं व्यवस्था समेत भएको देखिन नआएबाट प्रस्तुत रिट खारेज हुने ।

इजलास अधिकृत : विमल पौडेल

इति संवत् २०६६ साल भदौ १४ गते रोज १ शुभम् ।

१४.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. ३३२७, उत्प्रेषण समेत, *कुलनारायण श्रेष्ठ वि. स्वास्थ्य सेवा विभाग टेकु समेत*

एकपटक उपल्लो तहको पदनाम दिइसकेपछि निजलाई तल्लो तहको पदनामले नै सम्बोधन गर्नु न्याय कानून एवं विवेकसम्मत् देखिन आउँदैन । कर्मचारीले वा पदले गर्नुपर्ने काम जे जस्तो भएपनि पदनाम भने फरक पार्नु उचित देखिँदैन । पदनाम जस्तो कर्मचारीहरूको संवेदनशील विषयमा पनि बारम्बार त्रुटि गरी सच्याउने कार्य गरिए पनि चुस्त एवं दुरुस्त हुनुपर्ने । निज कार्यरत रहेको पद नै निजलाई सरुवा गरिएको जिल्लामा नभएको र नयाँ दरवन्दीमा नै काम गरेको हुँदा निजलाई सोही हेल्थ असिस्टेन्टको पदमा नै सरुवा गरिएको हो भन्ने कुरा उल्लेख गरेकाले सो कुरा नियमसम्मत नदेखिने ।

इजलास अधिकृत : विमल पौडेल

इति संवत् २०६६ साल भदौ १४ गते रोज १ शुभम् ।

१५.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको WO-६९६, उत्प्रेषण, *तीर्थनारायण श्रेष्ठ समेत वि. नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय समेत*

विधायिकाले बनाउने ऐनमा उसले आवश्यक सम्झेको वाञ्छनीय योग्यता तोक्न वा भैरहेको योग्यतामा हेरफेर गर्न पाउँदैन भन्नु

न्यायसंगत एवं कानूनसम्मत पनि हुन आउँदैन । कस्तो ऐन बनाउने, ऐनमा कस्तो योग्यता राख्ने, को को व्यक्ति उम्मेद्वार हुन पाउने कति उमेरका व्यक्ति उम्मेद्वार हुने आदि कुराहरू निर्धारण गर्ने अधिकार विधायिकामा रहेको मान्नुपर्दछ र संविधानको अधीनमा रही राज्य सञ्चालनको लागि आवश्यक जुनसुकै कानून बनाउन पनि विधायिका सक्षम छ र बनाउन सक्दछ यो उसको विधायिकी विवेक वा ज्ञानको कुराभित्र पर्दछ भनी मान्नुपर्ने ।

अध्यादेश वहाल छउञ्जेल लागू हुने व्यवस्थालाई निरन्तर कायम रहेको मान्ने हो भने पछि बन्ने कानूनमाथि नै प्रतिवन्ध वा सीमा सिर्जना गरेको हुन आउँछ । त्यस्तो अवस्थाको विद्यमानता रहेको भनी मान्न मिल्दैन । व्यावसायिक विशेषज्ञको पद कुनै स्थायी दरवन्दी भएको ठाउँमा स्थायी रुपले गरिएको पदपूर्ति होइन, यो त केवल तत्कालीन कानूनले तोकेको वाञ्छनीय योग्यता पुगेका व्यक्तिहरूको नामको सूची मात्र भएको हुनाले तत्कालको त्यस्तो सूचीमा नाम चढ्दैमा आफूले विशेष सुविधा पाइसकेको र सोमा प्रतिकूल असर पार्ने गरी योग्यतासम्बन्धी व्यवस्था संशोधन गर्न सकिने ।

इजलास अधिकृत : विमल पौडेल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल भदौ १५ गते रोज २ शुभम् ।

**१६.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. WO-०७६८, उत्प्रेषणयुक्त परमादेश, *सौरभ राणा वि. प्रहरी प्रधान कार्यालय समेत*

निवेदकउपर लागेको कसूरका सम्बन्धमा निजले स्पष्टीकरण समेत पेश गरेको र नसिहत दिने गरी भएको निर्णयउपर प्रचलित कानूनबमोजिम पुनरावेदनसमेत गरी आफ्नो बचाउको प्रयास गरेको देखिँदा कानूनमा भएको बैकल्पिक उपचारको मार्ग अवलम्बन गरिसकेपछि मौलिक हक हनन् भयो भनी निवेदन परे तापनि आफूलाई कारबाही हुन नपर्ने भनी कानूनी वा अधिकार क्षेत्रात्मक रुपमा त्रुटिपूर्ण छन् भनी निवेदकले जिकीर लिन नसकेको अवस्थामा कानूनबमोजिम अधिकारप्राप्त अधिकारीले गरेको निर्णयमा कुनै कानूनी त्रुटि रहे भएको नपाईदा निवेदकको मागबमोजिम आदेश जारी हुन सक्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल भदौ १ गते रोज २ शुभम् ।

**१७.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको WO-०६९३, उत्प्रेषण परमादेश, *लक्ष्मीदेवी अधिकारी वि. पुनरावेदन अदालत नेपालगञ्ज समेत*

फैसलामा कुनतर्फको जग्गाको लिखत बदर भएको भन्ने खुलेको नदेखिए तापनि तर्फ खुलेको फैसला मात्र कार्यान्वयन हुने र तर्फ नखुलेको फैसला कार्यान्वयन नहुने भन्न मिल्दैन । फैसलामा तर्फ नखुलेको अवस्थामा सम्बन्धित पक्ष विपक्षलाई रोहवरमा राखी निजहरूलाई आफ्नो भनाई राख्ने अवसर दिई निजहरूको कुरा समेत सूनी फैसलाको भावनामा आँच नआउने गरी न्यायका मूल्य, मान्यता, न्यायिक स्वच्छता, निस्पक्षता र सद्विवेक समेतको आधारमा आफूमा अन्तरनिहीत अधिकार प्रयोग गरी सम्बन्धित जिल्ला अदालतले तर्फ कायम गरी फैसला कार्यान्वयन गर्न नसक्ने अवस्था रहँदैन । फैसला कार्यान्वयन गर्ने काम समेत न्याय सम्पादनको एक महत्वपूर्ण हिस्सा भएकोले कुनै न कुनै वहाना गरी फैसलालाई कार्यान्वयन हुनबाट रोक्न वा भएको फैसलालाई निस्तेज, निष्क्रिय र निरर्थक तुल्याउन मिल्दैन । जारी भएको आदेशलाई आफूखुशी व्याख्या गरी भएको फैसलालाई कार्यान्वयन गर्नबाट रोक्नु शोभनीय नहुने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल असार २१ गते रोज ६ शुभम् ।

- यसै प्रकृतिको २०६३ सालको WO-०६९२, उत्प्रेषण परमादेश, *सहादत अली गद्दी वि. पुनरावेदन अदालत नेपालगञ्ज समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**१८.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको CR- ०१९२, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. मीनबहादुर तामाङ*

ज्यान मार्ने उद्योगको वारदात पुष्टि हुनको लागि प्रतिवादीले पीडितलाई ज्यानै लिन चाहेमा अन्य वाह्य परिस्थितिको हस्तक्षेपका कारणले मात्र उक्त वारदात हुन नसकेको भनी पुष्टि गर्न आवश्यक देखिन्छ । कुनै पनि व्यक्तिउपरको फौजदारी कसूरको वारदात पुष्टि हुनको लागि ज्यान मार्ने उद्देश्य (मनसाय) तथा ज्यान मार्नेसम्मको कार्य समेतको विद्यमानता आवश्यक पर्दछ । प्रस्तुत मुद्दामा तेस्रो पक्षको हस्तक्षेपको अधावमा ज्यानसम्बन्धीको महलको १५ नं. को कार्य प्रतिवादीले गर्न खोजेको भए गर्न नसक्ने कारण स्पष्ट हुनुपर्नेमा सो देखाउन सकेको पाइएन । तेस्रो पक्षको हस्तक्षेपको अभाव रहेको स्थितिमा प्रतिवादीलाई ज्यान मार्ने उद्योगको वारदातको दावी नपुग्ने ।

इजलास अधिकृत : विमल पौडेल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल भदौ ८ गते रोज २ शुभम् ।

**१९.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको दे.पु.नं. २६०/०४१८, जग्गा निखनाई पाऊँ, *मनिफ कवारी वि. बुधनीदेवी यादव समेत*

सन्धिसर्पन भनेको नै एकाघर सगोलका अंशियारको नामको जग्गा अन्य व्यक्तिलाई विक्रीवितरण गर्दा आफ्नो हक भोगको जग्गा उपभोग गर्न असर पर्ने वा वाधा पर्ने स्थिति सिर्जना हुन्छ भने त्यो अवस्थालाई सन्धिसर्पन परेको मान्नुपर्ने हुन्छ । सोही व्यवस्थाबमोजिम प्रस्तुत मुद्दामा एकाघरका अंशियार सौतने छोरा तथा दाजुले आफ्नो भागको जग्गा अर्कैलाई बेचिदिएको कारणले वादीहरूको जग्गाको निकासमा नै अवरोध सिर्जना हुन गएकोले प्रस्तुत मुद्दामा सन्धिसर्पन परेको मान्नु पर्ने ।

इजलास अधिकृत : विमल पौडेल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल भदौ ८ गते रोज २ शुभम् ।

**२०.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको रिट नं. २६८२, उत्प्रेषण, *गेहेन्द्रचन्द्र ढुङ्गेल वि. प्रहरी प्रधान कार्यालय नक्साल समेत*

आफूलाई तोकिएको कार्यालयमा नियमबमोजिम विदा स्वीकृत नगराई लामो समयसम्म गैरहाजिर रहेका यी निवेदकलाई निज कार्यरत् रहेको सेवालाई नियमित गर्ने प्रहरी नियमावली, २०४९ को नियम ८८ (झ) को कसूरमा नियम ८९(२) (ग) बमोजिम सफाई पेश गर्ने मौका दिन नपर्ने भनी पर्चा खडा गरी नियम ८४ (६) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी प्रहरी महानिरीक्षक प्रहरी प्रधान कार्यालयबाट भएको निर्णय र सोलाई सदर गर्ने गरेको मिति २०६२।३।२९ को गृहमन्त्रीबाट भएका निर्णयहरूमा कुनै कानूनी त्रुटि नदेखिने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल पुस २६ गते रोज १ शुभम् ।

**२१.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको WO-०१४६, उत्प्रेषणयुक्त परमादेश, *रामजी हमाल वि. शिक्षा मन्त्रालय विद्यालय शाखा केशरमहल समेत*

शिक्षा ऐन, नियमले व्यवस्था गरेको पुरष्कारसम्बन्धी व्यवस्थालाई हेर्दा कुनै पनि सामुदायिक विद्यालयले एस.एल.सी. मा उत्कृष्ट

नतिजा ल्याउन उत्प्रेरित हुन सकून भन्ने मनोभावनाअनुरूप त्यस्तो व्यवस्था गरेको मान्नु पर्ने । कुनै विद्यालयले आफू उत्कृष्ट विद्यालय भएको जिकीर गरी पुरष्कारको दावी गर्दछ भने त्यस्तो विद्यालयले सबैभन्दा पहिले आफू सामुदायिक विद्यालय भएको र उत्कृष्ट नतिजा ल्याएको भनी प्रमाणित गर्न सक्नु पर्दछ । संस्थागत विद्यालयले पुरष्कारमा वा क्षेत्रीय शिल्डमा दावी गर्न पाउने कुनै कानूनी एवं संवैधानिक आधार समेत निवेदकले देखाउन नसकेको अवस्थामा शिक्षा नियमावलीको नियम १८५ क बमोजिम पुरस्कार दावी गर्ने अधिकार संस्थागत विद्यालयलाई भएको नदेखिने ।

सामुदायिक र संस्थागत विद्यालयको परिभाषा फरक-फरक रहेको तथा निवेदक विद्यालय संस्थागत भएको अवस्थामा शिक्षा नियमावलीले सामुदायिक विद्यालयलाई मात्र प्रदान गर्ने गरी व्यवस्था गरेको पुरष्कारमा संस्थागत विद्यालयको नाताले शिक्षा नियमावली २०५९ को नियम १८५ क बमोजिम पुरष्कार माग गर्नसक्ने आधारभूत हक कै अभाव भएकोले रिट निवेदन गर्ने हकदैया नै नभएको अवस्थामा दर्ता भएको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विमल पौडेल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल भदौ १७ गते रोज ४ शुभम् ।

**२२.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३८३०, उत्प्रेषण समेत, *यमुनादेवी चौधरी समेत वि. चन्द्रकान्त मण्डल समेत*

म्याद तारेख थामी दिने विषय मुद्दाका पक्षलाई पर्न गएको समस्यालाई निराकरण गर्नको लागि गरेको व्यवस्था हो भन्न सकिन्छ । सो व्यवस्थाको स्पष्ट रुपमा दुरुपयोग गरेको भन्ने देखिएमा बाहेक सामान्यतया यो व्यवस्थाको लाभ सम्बन्धित पक्षलाई दिने कुरामा अनावश्यक झण्झट गर्न मिल्दैन । कुनै प्राविधिक समस्या उठाई न्याय पाउने हरेक व्यक्तिको सारभूत विषयबाट नै पक्षलाई विमूख पार्ने हाम्रो न्यायिक प्रक्रिया र प्रणालीको उद्देश्य पनि होइन । न्यायमा जनताको सहज पहुँच र त्यसको अनुभूति पक्षले नगरेसम्म अदालतबाट दिएको इन्साफले कुनै अर्थ राख्दैन । पक्षले कसरी न्याय पाउन सक्छ, त्यस्तोमा सानातिना प्राविधिक कुराहरूले के कति मात्रामा बाधा अवरोध खडा गर्ने गरेको छ, सो सम्बन्धमा आवश्यक अनुसन्धान गरी त्यस्ता प्रकारका समस्याको निराकरणतर्फ न्यायपालिकाले अव आफूलाई अग्रसर गराउन पर्दछ अन्यथा न्यायपालिकाप्रतिको जनआस्थामा अभिबृद्धि हुन्छ भन्न नसकिने ।

इजलास अधिकृत : विमल पौडेल

इति संवत् २०६६ साल भदौ १७ गते रोज ४ शुभम् ।

**२३.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको फौ.पु.नं. ००१३४, क्षतिपूर्ति दिलाई भराइ पाऊँ, *सीताराम पराजुली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत*

राजपत्र खण्ड ५२ जेठ १३, २०५९ साल (अतिरिक्ताङ्क १७) बाट नेपाल अधिराज्यभर नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को उपधारा (१) बमोजिम संकटकालीन अवस्थाको आदेश घोषणा भएको पाइन्छ । संकटकालको घोषणा वा आदेश ३ महिनाभित्र अनुमोदनको लागि प्रतिनिधि सभासमक्ष पेश गरिने र प्रतिनिधिसभाले अनुमोदन नगरेमा सो घोषणा वा आदेश स्वतः निष्क्रिय भएको मानिनेछ भन्ने संवैधानिक व्यवस्थाबमोजिम मिति २०५९।२।१३ मा घोषणा भएको संकटकालको आदेश तत्कालीन अवस्थामा प्रतिनिधिसभा कायम नभएको कारणले ३ महिनासम्म मात्र जारी भएको र कुनै पदाधिकारीले कानूनविपरीत वा वद्नियतसाथ कुनै काम गरेबाट कसैलाई कुनै क्षति भएको रहेछ भने निजले सो घोषणा वा आदेश समाप्त भएको मितिले तीन महिनाभित्र आफूलाई परेको क्षतिपूर्तिको दावी गर्नसक्ने र दावी मनासिव ठहराएमा अदालतले

उचित क्षतिपूर्ति भराई दिन सक्नेछ भन्ने व्यवस्था उल्लेख भएबाट हदम्यादभित्रै परेको फिरादमा सबूद प्रमाणको मूल्याङ्कन गरी दावी पुग्ने नपुग्नेतर्फ ठहर इन्साफ गर्नुपर्नेमा हदम्यादको आधारमा फिराद खारेज गरेको नमिल्ने भई उक्त फैसला बदर हुने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

इति संवत् २०६६ साल कात्तिक १७ गते रोज ३ शुभम् ।

## इजलास नं. ८

१.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं. ८२६१, अंश दर्ता, *हरेन्द्र राउत अहिर समेत वि. हिरमतिया अहिर्नी समेत*

कुनै अंशियारले आफ्नो नामदर्ताको सम्पत्ति दोस्रो व्यक्ति गैरअंशियारलाई हक छाडी दिएकोमा आफ्नो समेत हकजाने भए मुलुकी ऐन लेनदेन व्यावहारको १० नं. र दान बकसको ५ नं. बमोजिम उजूरी गरी आफ्नो हकमा बदर वातिल गराउनु पर्नेमा सो नगराएको अवस्था वा सोबमोजिम उजूर नगरेको आधारमा मात्र छुट्टिभिन्न भैसकेको भनी भन्न र अनुमान गर्न कानूनसम्मत नहुने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल मंसिर १ गते रोज २ शुभम् ।

२.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं. ८५८८, खिचोला मेटाई दिवाल भत्काई चलन, *मनीराम कुर्मी वि. मौजेलाल कुर्मी*

नापनक्सा मुचुल्का तथा सो मुचुल्का अनुसार क्षेत्रफल खुलाएको प्रतिवेदनमा हेर्दा न.नं. ८ कि.नं. ४७१ मा ०-०-३.३५ क्षेत्रफल रहेको र वादीको भोग चलनमा रहेको भन्ने उल्लेख भएको देखिन्छ । वादीले आफ्नो ०-०-१½ जग्गा प्रतिवादीले खिचोला गर्‍यो भनी दावी लिएको देखिए तापनि भई आएको उपरोक्त नाप नक्सा मुचुल्काबाट न.नं. ८ कि.नं. ४७१ मा वादीको स्रेस्ताभन्दा बढी नै जग्गामा भोग चलन रहेको देखिन्छ । यसरी आफ्नो जम्मा क्षेत्रफलभन्दा बढी नै जग्गा आफैले भोग गरिरहेको अवस्थामा प्रतिवादीले खिचोला गर्‍यो भन्ने दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल असोज २६ गते रोज २ शुभम् ।

## इजलास नं. ९

१.

**मा.न्या.श्री ताहिरअली अन्सारी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६१ सालको दे.वि.नं. १३२, घर हटाई चलन चलाई पाऊँ, *रंगीलाल कुर्मी, वि. शत्रुधनप्रसाद कुर्मी*

न्याय प्रशासन ऐन, २०४८ को दफा ८(४) अनुसार पुनरावेदन अदालतमा दुईजना न्यायाधीशबीच राय नमिली तेस्रो न्यायाधीशसमक्ष पेश भएकोमा तेस्रो न्यायाधीशको राय ठहर पनि पहिले राय व्यक्त गर्ने दुवै न्यायाधीशसँग नमिली बहुमत कायम हुन नसकेको अवस्थामा मात्र यस सर्वोच्च अदालतमा निर्णयको लागि मुद्दा प्रेषित गर्नुपर्नेमा तेस्रो न्यायाधीशले आफ्नो कुनै राय ठहर नै नदिई सर्वोच्च अदालतबाट निराकरण हुन उपयुक्त हुने भनी उपयुक्तताको आधारमा पुनरावेदन अदालतमा बिचाराधीन मुद्दा यस अदालतमा प्रेषित गर्न उपरोक्त ऐनबमोजिम मिल्ने नदेखिने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल मंसिर २९ गते रोज २ शुभम् ।

२.

**मा.न्या.श्री ताहिरअली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०६५ सालको दे.पु.नं. ०१८७, अंश दर्ता, *शितलप्रसाद बरै समेत वि. गौरीशंकर प्रसाद समेत*

२०२२ सालको नापीमा नन्दलाल बरैको नाउँमा जग्गा नापी भए पनि यो जग्गा ताराचन्दको नम्बरी हो मेरो भागमा परेको भनी फिल्डबुकमा

उल्लेख भएबाट समेत लिखत व्यवहार दर्ता भोग नापी समेतबाट अंशवण्डाको ३० नं. अनुसार जपाल राउतका सन्तान हरिहर तथा दशरथको बीचमा तथा यी पुनरावेदक वादीहरूका पिता रामनारायण र ठूलोबाबु लक्ष्मी राउतको बीचमा पहिला नै अंशवण्डा भइसकेको भन्ने देखिन आउने हुँदा अघिनै छुट्टिभिन्न भएको नाताका मानिस अन्य प्रतिवादीहरूबाट पुनः यी वादीहरूले अंश पाउन सक्ने देखिएन । तसर्थ केवल नन्दलालतर्फका हाँगाले मात्र अंशवण्डा गर्न स्वीकार गरेको देखिँदा वादीहरू र नन्दलाल हाँगातर्फको अंशियारका बीच मात्र अंशवण्डा हुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल मंसिर ३ गते रोज ४ शुभम् ।

**३.**

**मा.न्या.श्री ताहिरअली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको फौ.पु.नं. ३६१३, ३६४५, ३७००, ३७०८, भ्रष्टाचार, *मधुसुदन पुरी वि. नेपाल सरकार, तुलसीप्रसाद वि. नेपाल सरकार, नेपाल सरकार वि. दुर्गाप्रसाद मानन्धर समेत, अनिरुद्धप्रसाद ठाकुर वि. नेपाल सरकार*

एउटा सरकारी अड्डाको नाउँमा कीर्ते सहिछाप गरी राष्ट्रबैंक जस्तो देशको केन्द्रीय बैंकबाट चेकबुक प्राप्त गरिएको छ । त्यसबाट नक्कली हस्ताक्षर गरी योजनाबद्ध ढंगले खोलिएको अर्कै बैंक खातामा सो चेक जम्मा गरी राष्ट्रबैंकबाट भुक्तानी Payment by collection गराएर पुनः त्यसबाट रकम झिक्ने जस्ता कामहरू गरिएको छ । यस्तो प्रक्रियाबाट आफूलाई कानूनी कारवाहीबाट बच्ने गरी सुरक्षा प्रदान गर्न सर्तकता अपनाइएको छ । त्यसकारण ती चेकहरूको भुक्तानी मितिमा प्रतिवादी तुलसी पराजुली रा.नि. तथा वन्यजन्तु संरक्षण विभागमा बहाल रहेको वा अन्यत्र सरुवा भई गएको तथ्य मितिले कुनै प्रतिकूल प्रभाव पार्ने देखिँदैन । तुलसीप्रसाद पराजुली घरेलु तथा साना उद्योग विभागमा सरुवा भई सकेपछि चेक भुक्तानीको वारदात भएको र त्यसकारण तुलसीप्रसाद पराजुली कसूरदार होइनन् भन्ने जिकीरसँग सहमत हुन सकिएन । यस्तै प्रतिवादी मधुसुदन पुरी अर्कै बैंक ठगी मुद्दामा कारागारभित्र रहेको अवस्थामा भएको कसूरको जिम्मेवार र सजायभागी मधुसुदन पुरी हुन सक्तैन भन्ने जिकीरसँग पनि सहमत हुन सकिएन । प्रतिवादीहरू तुलसीप्रसाद पराजुली, अनिरुद्ध ठाकुर र मधुसुदन पुरीले अभियोग दावीअनुसार आरोपित कसूर गरेकै देखिन आउने ।

प्रतिवादीहरूमध्ये नेपाल राष्ट्रबैंक तर्फका प्र.दुर्गाप्रसाद मानन्धर, हिरण्य निरौला, विणा श्रेष्ठ, चम्पा कोइराला, तीर्थकुमारी मानन्धर, शारदा मिश्र र ने.बैं.लि. तर्फका प्र.सन्ततिलाल जोशी, विष्णु खनाल समेतले अनुसन्धानको क्रममा विशेष प्रहरी अधिकृतसमक्ष र अदालतमा समेत कसूरमा इन्कार भै वयान गरेको देखिन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको नाउँमा धरौटी खाताको चेकबुक मागफाराम ने.रा. बैंकमा दाखिला गरी गराई कृत्रिम तरीकाले नयाँ चेकबुक प्र. अनिरुद्ध समेतलाई उपलब्ध गराई, ने.बैं.लि. मा एभरेष्ट हेभी इक्वीपमेन्ट सप्लायर्सको नाउँमा खाता खोल्ने, खोल्न लगाउने र सोमा उक्त सप्लायर्सको नाउँमा काटी दिएको ने.रा. बैंकको चेक जम्मा हुने गरी उक्त चेक काटी रकम झिक्न लगाउने कार्यमा सहयोग गरी यी प्रतिवादीहरूले समेत गैरकानूनी तरिकाले सरकारलाई हानि गरेको भन्ने आधारमा भ्रष्टाचारको अभियोग लगाइए तापनि यी प्रतिवादीहरूले आर्थिक लाभ प्राप्त गरेको भनी वादी पक्षले भन्न सकेको पाइदैन । यी प्रतिवादीहरू उपर बिगोतर्फ दावी पनि लिन सकेको नपाइएबाट यी प्रतिवादीहरूले आफूलाई गैरकानूनी लाभ पुऱ्याएको वा सो पुग्ने गरी काम गरेको भन्न नमिल्ने ।

इति संवत् २०६६ साल कात्तिक ८ गते रोज १ शुभम् ।

**४.**

**मा.न्या.श्री ताहिरअली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०५९ सालको दे.पु.नं. ९०१८, निषेधाज्ञायुक्त परमादेश, *नेपालगञ्ज भन्सार कार्यालय वि. नरेश दुगढ*

भन्सार अधिकृतले विशेषशुल्क लिने निर्णय गरेउपर आफ्नो पुनरावेदनको अधिकार प्रयोगै नगरी गलत बाटोको अवलम्बन गरी निषेधाज्ञायुक्त परमादेशको माग गर्दै पुनरावेदन अदालतमा निवेदन दिएको देखिन्छ । यस्तो अवस्थाको निवेदनको औचित्यभित्र प्रवेश गरी पुनरावेदन अदालतले न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) को अधिकार प्रयोग गरी मागबमोजिमको आदेश जारी गर्न सक्ने अवस्था नहुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल मंसिर १६ गते रोज ३ शुभम् ।

**५.**

**मा.न्या.श्री ताहिरअली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको फौ.पु.नं. ३४६७, कुटपीट, *चुलाही महतो वि. सजनलाल महतो,* २०६४ सालको फौ.पु.नं. ६९४, *तेतर महतो समेत वि. सजनलाल महतो*

प्रतिवादीहरूले आफूले कुटपीट गरेको भन्ने कुरामा इन्कार भएका र निजहरूका साक्षीहरूले प्रतिवादीहरूले कुटपीट गरेको नभै रक्सी खाई मातेर म हरीदेवीलाई हातपात गरेको कारणबाट निजकै पिताले सजनलाललाई लाठीले कुटपीट गरेको भनी लेखाएको देखिएबाट प्रतिवादीहरूको घटनास्थलमा उपस्थितिको कारणबाट मात्र निज वादीलाई लागेको उक्त चोट यिनै प्रतिवादीहरूले हानेको चोट पटक हो भनी अनुमान गरी कसूर ठहर गर्न सकिने अवस्था नहुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल मंसिर १ गते रोज २ शुभम् ।

**६.**

**मा.न्या.श्री ताहिरअली अन्सारी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०५८ सालको दे.पु.नं. ९२९०, लिखत दर्ता बदर जग्गा खिचोला चलन, *तेजनारायणप्रसाद रौनियार वि. नारायणप्रसाद ढुगेंल समेत*

वादीका दाता भुवनेश्वरका भागमा विवादित वडा नं. २(क) को कि.नं. ४३ को जग्गा मिति २०३५।१०।२५ को वण्डापत्रमा परेको नदेखिएको र निजका भागमा १ (ख) को कि.नं. को जग्गा परेको देखिएको जगन्नाथको भागमा उक्त वण्डामा परेको वडा नं. २(ख) कि.नं. ४३ को जग्गा निजको दर्ता हकभोगमा नरही अमूल व्यक्तिको नाममा रहेको प्रमाणित भएको अवस्थामा वण्डापत्रमा जगन्नाथको भागमा परेको जग्गा वडा नं. २(क) लेखिनुपर्नेमा वडा नं. २(ख) भूलले लेखिएको प्रमाणबाट स्पष्ट भइरहेकोले र सोही जग्गाको सम्बन्धमा जगन्नाथले नारायणप्रसादलाई २०३७।२।२७ मा गरिदिएको लिखत यथावतै रहेको अवस्थामा उक्त कि.नं. को जग्गाको मिति २०३७।११।२८ मा भुवनेश्वरले मोठ स्रेस्ता खडा गराउँदैमा त्यसलाई मान्यता दिन नमिल्ने ।

इजलास अधिकृत : कृपासुर कार्की

कम्प्युटर : मो.अख्तर अली

इति संवत् २०६५ साल चैत ६ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०५८ सालको दे.पु.नं. ९२९१, दोहोरो लिखत दर्ता र हक कायम, *तेजनारायणप्रसाद रौनियार समेत वि. घनश्याम अधिकारी* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**७.**

**मा.न्या.श्री ताहिरअली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** २०६० सालको फौ.पु.नं. ३४४९, ३५६७, २०६१ सालको फौ.पु.नं. ३२३८, ज्यान मार्ने उद्योग, *कुशेश्वर गुर्मैता वि. नेपाल सरकार, गंगाप्रसाद गुर्मैता यादव वि. नेपाल सरकार, रामकुमार गुर्मैता यादव वि. नेपाल सरकार*

ज्यान मार्ने उद्योग गर्नु भनेको कसैको ज्यान मार्ने प्रयास गर्नु हो । टाढैबाट बम वा बन्दुकको गोली प्रहारबाट पनि कसैको ज्यान मार्ने प्रयास वा उद्योग गर्न सकिन्छ । त्यस्तो प्रहार संवेदनशील ठाउँमा र प्रहारकर्ताले ताकेको निशानामा लागेमा ज्यान मर्न सक्दछ । तर, निशानामा वा मर्मस्थानमा नलागेमा ज्यान मर्दैन । यस्तोमा कुनै तेस्रो पक्षीय अवरोधको सिद्धान्त लागू नै हुँदैन । किनभने Doctrine of Thidr Party Intervention ले ज्यान मार्न खोज्नेले ज्यान मार्ने

प्रयास गर्दा गर्दै कुनै बाह्य तत्व वा परिस्थितिको उपस्थितिलाई जनाउँदछ । त्यहाँ पीडितको गुहार सुनी अन्य मानिस आइपुग्न सक्दछ वा बचाउ गर्ने कुनै मानिस वा अन्य तत्वको उपस्थित हुन सक्दछ वा सकैलाई कुटपीट गरी पीडितलाई धकेल्दा इच्छित ठाउँमा नखसी अन्यत्र रोकिन सक्दछ वा मर्‍यो भन्ने जानेर फालिएको मानिसलाई तत्काल औषधिपचार हुन सकेर पनि ज्यान जोगिन सक्दछ । तर, बन्दुक फायर गरिएको अवस्था भनेको त्यस्तो होइन । फायर गर्नु नै ज्यान मार्ने प्रयास गर्नु हो । यसमा Third Party Intervention को सिद्धान्त ज्यान मार्ने उद्योगको अरु बारदात जस्तै गरी लागू हुन सक्दैन । त्यसकारण प्रस्तुत वारदातमा कुनै अवरोधको पुष्टि नभएबाट ज्यान मार्ने उद्योगको वारदात घटित भएको होइन भनी भन्न नमिल्ने ।

इजलास अधिकृत : विद्याराज पौडेल

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६६ साल कात्तिक ९ गते रोज २ शुभम् ।

८.

**मा.न्या.श्री ताहिरअली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३-WO-०६७०, उत्प्रेषण मिश्रित परमादेश, *राम आशिष ठाकुर लोहार वि. भूमिसुधार कार्यालय रौतहट समेत*

१५ दिनसम्म गुज्रेको तारिख थमाउन पाउने कानूनी व्यवस्थाको वेवास्ता गर्दै गुज्रेको म्याद थाम्न पाउने म्याद बाँकी छदै तोकिएको कार्यविधि पूरा गर्नुपर्ने दायित्वप्रति सम्बन्धित निकायले वेवास्ता गरी कानूनले तोकेको सीमा नाघी विशेष अदालत ऐन, २०५९ को दफा ११ मा भएको कानूनी व्यवस्थाले निर्दिष्ट गरेको प्रक्रियाबमोजिम गुज्रेको तारेख थाम्न पाउने म्याद बाँकी रहँदै जग्गाधनीलाई मिति २०६३।९।९ बाट मिति २०६३।९।१४ को पेशी तारिख दिई सोही मिति २०६३।९।१४ मा भूमिसुधार कार्यालय रौतहटले गरेको निर्णय पनि त्रुटिपूर्ण देखिने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६६ साल मंसिर ५ गते रोज ६ शुभम् ।

## इजलास नं. १०

१.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ९०००, निषेधाज्ञायुक्त परमादेश, *जमुनाबहादुर श्रेष्ठ वि. सीतादेवी ढकाल समेत*

२०४९।१।२९ को नेपाल राजपत्रमा प्रकाशित सूचनाले सार्वजनिक सडकको किनाराबाट ६।६ मीटरसम्म पर्खालवाहेक अन्य कुनै किसिमको स्थायी बनौट (स्ट्रक्चर) वा भवन निर्माण गर्नसम्म निषेध गरे तापनि गरी कारवाही गर्न मिल्ने हुँदैन । सडकको लागि कुनै जग्गा आवश्यक परेमा जग्गा प्राप्ति ऐनले तोकेको विधि र प्रक्रिया पुऱ्याई जग्गा प्राप्त गर्न पुनरावेदकलाई कुनै कानूनले अवरोध खडा गरेको नपाइएको अवस्थामा २०४९।१।२९ को नेपाल राजपत्रमा प्रकाशित सूचनाको आधारमा भन्दै प्रत्यर्थी निवेदकहरूको कानूनद्वारा प्रदत्त सम्पत्तिसम्बन्धी हकलाई प्रभावित पार्ने गरी निजहरूले निर्माण गरेका घरहरू हटाउने गरी जारी भएको सूचनाले प्रत्यर्थीहरूको कानूनद्वारा प्रदत्त हकमा आघात पर्नसक्ने आशंकाको स्थिति देखिएको अवस्थामा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ भदौ २९ गते रोज २ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन् :

- २०६१ सालको दे.पु.नं. ९७२०, निषेधाज्ञायुक्त परमादेश, *जमुनाबहादुर श्रेष्ठ वि. महेशराज दाहाल*
- २०६१ सालको दे.पु.नं. ९७१९, निषेधाज्ञायुक्त परमादेश, *जमुनाबहादुर श्रेष्ठ वि. किसनलाल अग्रवाल समेत*
- २०६१ सालको दे.पु.नं. ९७२१, निषेधाज्ञायुक्त परमादेश, *जमुनाबहादुर श्रेष्ठ वि. श्यामकुमार न्यौपाने*

- २०६० सालको दे.पु.नं. ९००७, निषेधाज्ञायुक्त परमादेश, *जमुनाबहादुर श्रेष्ठ वि. दमन्त तिम्सिना*
- २०६० सालको दे.पु.नं. ९००६, निषेधाज्ञायुक्त परमादेश, *जमुनाबहादुर श्रेष्ठ वि. रुकमणि काफ्ले*
- २०६० सालको दे.पु.नं. ९००५, निषेधाज्ञायुक्त परमादेश, *जमुनाबहादुर श्रेष्ठ वि. पृथ्वीचन्द्र शाह*
- २०६० सालको दे.पु.नं. ९००४, निषेधाज्ञायुक्त परमादेश, *जमुनाबहादुर श्रेष्ठ वि. शोभादेवी पोखरेल समेत*
- २०६० सालको दे.पु.नं. ९००३, निषेधाज्ञायुक्त परमादेश, *जमुनाबहादुर श्रेष्ठ वि. देवराज न्यौपाने समेत*
- २०६० सालको दे.पु.नं. ९००२, निषेधाज्ञायुक्त परमादेश, *जमुनाबहादुर श्रेष्ठ वि. देवीप्रसाद दाहाल समेत*
- २०६० सालको दे.पु.नं. ९००१, निषेधाज्ञायुक्त परमादेश, *जमुनाबहादुर श्रेष्ठ वि. शारदा गौतम समेत*

**२.**

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०५८ सालको दे.पु.नं. ८०३०, वाली मोही निष्काशन, *रामकिसुन मण्डल वि. नारायणबहादुर खैरगोली*

भूमिसम्बन्धी ऐन, २०२१ को चौथो संशोधन ऐन, २०५३ पश्चात् मोहीलाई पनि आधा जग्गाको स्वामित्व प्रदान गरिसकेको अवस्थामा वाली नबुझाएको भन्ने आधारमा मात्र ऐनको दफा २९(१) बमोजिम मोही निष्काशन हुन नसक्ने ।

इजलास अधिकृत : सुदीप दंगाल
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ कात्तिक ९ गते रोज २ शुभम् ।

**३.**

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं ८१७६, गुठी कायम, *राजेन्द्रकुमार नेपाल वि. गणेशबहादुर पाण्डे,* २०६२ सालको दे.पु.नं. ९७२४, *सेमन्तराज चापागाई समेत वि. गणेशबहादुर पाण्डे*

कसैका नाउँमा कुनै जग्गा दर्ता हुन निश्चित स्रोत र आधार चाहिन्छ । फिल्डबुकको कथन नै एक र एकमात्र दर्ताको आधार हुन सक्दैन । प्रस्तुत विवादमा त सो जग्गाको गुठी संस्थानसँग सम्बन्ध देखाउने तथ्यको समेत सर्वथा अभाव छ । राजगुठी वा छुटगुठी भएको कुनै आधार र स्रोतबिना आफ्नै परिपत्रको भरमा उब्जेको जग्गाधनी प्रमाण पूर्जाले दर्ताको आधिकारिक स्वरुप ग्रहण गर्न सक्दैन । गुठी संस्थानको मिति २०४२।१।१८ को आफ्नै निर्णयबमोजिम गुठी अधिनस्थ भएको समेत नदेखिएको अवस्थामा निजी गुठी नै मान्नुपर्ने ।

इजलास अधिकृत : सुदीप दंगाल
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ कात्तिक ९ गते रोज २ शुभम् ।

**४.**

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं. ९१२६, निर्णय दर्ता बदर दर्ता कायम, *पुनमाया महर्जन समेत वि. गुठी संस्थान केन्द्रीय कार्यालय समेत*

तीर्थ महर्जनका पिताले नै वादीलाई जग्गाधनी देखाएको कुरा फिल्डबुक समेतबाट पुष्टि भैरहेको देखिन्छ । उक्त जग्गा वादीहरूको हक लाग्ने निजी गुठीको जग्गा देखिँदा काठमाडौं गुठी तहसिल कार्यालयले गुठीयारलाई उपस्थित नगराई गरेको मिति २०५३।४।४ को निर्णय प्राकृतिक न्यायको सिद्धान्त समेत विपरीत भएको देखिँदा बदर भई कि.नं. ७० र ७३ का जग्गाहरू थकाली निजी गुठी कायम हुने ।

इजलास अधिकृत : सुदीप दंगाल
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ भदौ ८ गते रोज २ शुभम् ।

**५.**

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं. ९१२७, बकसपत्र बदर दर्ता कायम, *पुनमाया महर्जन समेत वि. तीर्थमान महर्जन समेत*

भूमिसम्बन्धी ऐन, २०२१ को (चौथो संशोधन) पश्यात् मोही लागेको जग्गामा आधा हक स्वामित्व मोहीको हुने भनी सुनिश्चित गरेको

देखिन्छ । कि.नं. ७० को जग्गामा यी दाता निर्विवाद रुपमा मोही कायम भएको अवस्थामा निजको भागमा आधा जग्गा पर्न आउने नै देखियो । यसरी आधा जग्गासम्म मात्र बकस गरिदिन पाउनेमा पूरा कित्ता जग्गा नै बकसपत्र गरिदिएको हालैदेखिको बकसपत्रको लिखत मोही तीर्थमानको हक सदर हुने भै बाँकी आधा जग्गाको लिखत बदर हुने ।
इजलास अधिकृत : सुदीप दंगाल
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ भदौ ८ गते रोज २ शुभम् ।

**६.**

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ९५४४, अंश नामसारी, *जगदिश सिँह क्षेत्री वि. हिरासिँह क्षेत्री समेत*

वादी प्रतिवादीहरू संगोलकै अंशियार देखिएको र प्रतिवादी जगदीश सिँहले बाबु गंगा सिँहले मोहीबापत पाएको जग्गा वण्डा नहुने जिकीर लिएकोमा संगोलका अवस्था बाबुबाजेकै पालाको मोहीको हैसियतबाट सम्पत्ति प्राप्त गरेमा नै पनि त्यस्तो सम्पत्ति एकलौटी निजी आर्जनको भन्न नमिल्ने हुँदा सँगोलको सम्पत्ति अन्यथा प्रमाणित नभएसम्म सबै अंशियारको हक लाग्ने सम्पत्ति हो भनी अदालतले अनुमान गर्नुपर्छ भनी प्रमाण ऐन, २०३१ मा समेत व्यवस्था भइरहेको सन्दर्भमा पेश भएको तायदातीमा उल्लिखित दावीको जग्गा वादी प्रतिवादीहरू बीच वण्डा लाग्ने नै देखिने ।
इजलास अधिकृत : नारायणप्रसाद पराजुली
इति संवत् २०६६ साल भदौ २१ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६० सालको फौ.पु.नं. ३५०४, जालसाजी, *जगदीश सिँह क्षेत्री वि. हिरासिँह क्षेत्री समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**७.**

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ९४६४, अंशवण्डा, *रामदेनी देवी जैसवार समेत वि. नारायण राउत जैसवार*

वादी प्रतिवादीबीचमा नातामा कुनै विवाद देखिएको छैन, निजहरू अंशियार नै रहेको देखिन्छ । प्रतिवादीले वादी सत्यनारायणले २०२३।३।२८ गते अलग मोहीको १ नं. लगत भरेको र २०१७ सालदेखि नै अलग बसेका हुँदा अंश दिनपर्ने होइन भनी जिकीर लिएको देखिन्छ । वादी प्रतिवादीबीच अंशवण्डा भएको कानूनबमोजिमको लिखत प्रमाण पेश गरी प्रतिवादीले आफ्नो जिकीरलाई पुष्टि गर्न सकेको पाइदैन । मोहीको १ नं. फारम अलगै भरेको भनी जिकीर लिएपनि मोहीको १ नं. लगत भनेको के कसले कति जग्गा जोतेको भन्ने मोहीसम्बन्धी प्रमाणका लागिसम्म भरिने कागज हो । त्यस्तो कागजमा अंशियार सबैले एउटै फाराम नभर्दैमा वा अलग अलग फाराम भर्दैमा त्यसले छुट्टिभिन्न भएको कुरालाई प्रमाणित गर्न सक्दैन । कुनै पनि लिखतको अस्तित्व निश्चित प्रयोजनलाई हुन्छ । अन्यथा प्रमाणित नभएसम्म मोहीको लागि तयार हुने वा तयार गरिने लिखतले अंशवण्डाको लिखतको रुप लिन नसक्ने ।
इजलास अधिकृत : नारायणप्रसाद पराजुली
इति संवत् २०६६ साल भदौ २१ गते रोज १ शुभम् ।

**८.**

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको फौ.पु.नं. ४०८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दिनेश राय यादव समेत*

जाहेरवाली परमवतीदेवी तथा मौकामा कागज गर्ने विलट राय समेतले अदालतसमक्ष उपस्थित भई यी प्रतिवादीहरूले मृतकलाई मारेकोमा तथ्ययुक्त पोल गरी लेखाई दिएको देखिन्छ । प्रतिवादीले अदालतसमक्ष उपस्थित भई वयान गर्दा कसूर गरेमा इन्कार रही वयान गरे तापनि सो इन्कारीलाई अन्य भरपर्दो तथ्य एवं स्वतन्त्र प्रमाणबाट पुष्टि गर्न सकेको अवस्था देखिँदैन भने अभियोग दावीबमोजिम कसूर गरेको कुरालाई प्रतिवादीको वयान, लाश जाँच रिर्पोट, वादीका मौकामा कागज गर्ने एवं अदालतमा उपस्थित भई बकपत्र गर्ने जाहेरवाली परमवती तथा विलट राय समेतका साक्षीको बकपत्र, मृतककै छोरी चश्मदित चन्द्रकलाको बकपत्र समेतले सृंखलाबद्ध रुपमा पुष्टि गरिरहेको हुँदा प्रतिवादीले नै

कर्तव्य गरी मारेको कुरा उल्लिखित प्रमाणहरूबाट यकीन हुने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल भदौ २४ गते रोज ४ शुभम् ।

**९.**

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३७७८, मूल्य अभिवृद्धि कर, *आन्तरिक राजश्व विभाग वि. विजयकुमार भिण्डा*

मूल्य अभिबृद्धि कर तिर्नु नपर्ने भनी प्रत्यर्थीले मूल्य अभिबृद्धि कर विभागमा पेश गरेको निवेदनमा बिक्रीबाट तिर्नुपर्ने मूल्य अभिवृद्धि कर बुझाएको भनी उल्लेख गरेकोसम्म देखिन्छ । आफूले बुझाउनु पर्ने कर बुझाएको भनी उल्लेख गरेको अवस्था भएपछि सो कुरालाई निःसन्देहात्मक रुपमा पुष्टि हुने विश्वासलायक आधार प्रमाणसमेत पेश गर्नुपर्नेमा सो कर तिरेको भनी विश्वास गर्नुपर्ने मुनासिव आधार प्रमाण पेश भएको मिसिलबाट देखिन नआएबाट प्रत्यर्थीले कारोवार गरेको लुज बीलको रकमको मूल्य अभिबृद्धि कर तिरेको भन्ने तथ्ययुक्त आधार मिसिल प्रमाणबाट देखिन नआएको अवस्थामा राजश्व न्यायाधिकरण काठमाडौंबाट विना आधार र कारण स्पष्ट विवेचना नगरी गरेको फैसलामा रु.७,९०,६१५।- क्रेडिट रहेको घटाई बाँकी मु.अ. कर माग गर्नुपर्ने भनी उल्लेख गरिएकोमा सो हदसम्म मिलेको नदेखिँदा उक्त फैसला केही उल्टी भई शुरु मूल्य अभिबृद्धि कर विभागले गरेको निर्णय मुनासिव देखिँदा सदर हुने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : लक्ष्मीदेवी श्रेष्ठ

इति संवत् २०६६ साल मंसिर ९ गते रोज ३ शुभम् ।

**१०.**

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०५९ सालको रिट नं. २८७४, उत्प्रेषण परमादेश, *विजयकुमार दुगड वि. श्रम तथा यातायात व्यवस्था मन्त्रालय समेत*

अदालतबाट माग भएको फायल आफू कहाँ नभए समयमा नै तर्कसंगत र मुनासिब जवाफ पठाउँदा समयमै अन्य विकल्पको खोजी गर्न सकिने हुन्छ । यसतर्फ सरकारका सबै कार्यालय तथा विभागका प्रमुखहरूले सजग रहनु पर्दछ । लापरवाहीपूर्ण वा बेमुनासिब ढङ्गले झारा टार्ने प्रवृत्ति राखी न्यायालयलाई असहयोग गर्ने अवस्था देखिएमा न्यायालय न्याय सम्पादनको सन्दर्भमा कानूनले दिएको अधिकार प्रयोग गर्न सचेष्ट रहन्छ भन्ने तथ्य सबैले मनन् गर्नु नै पर्छ । श्रम विभागका प्रमुखको अनुरोध मुनासिबै देखिएको अदालतले खोजेको फायल अथक प्रयास गरी खोजी गरेर पठाएको देखिएको र अदालतको आदेश पालनामा प्राथमिकता दिने भनी प्रतिबद्धता जाहेर गरेको पाइदा यस अदालतबाट मिति २०६६।७।२३ को आदेशबाट गरिएको जरीवानाबाट उन्मुक्ति पाउने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल मंसिर ९ गते रोज ३ शुभम् ।

## एकल इजलास

**मा.न्या.श्री भरतराज उप्रेती,** ०६६ सालको रिट नं. WO-०४८०, परमादेश, *मोहन लोहनी समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकहरूलाई काममा लगाउँदा काम लगाउने पत्रमा नै स्पष्ट रुपमा "दैनिक पारिश्रमिकमा काम लगाइएको बारे" भनेर विषय खोली योजनाको निर्णयअनुसार दैनिक पारिश्रमिकमा काम लगाइएको व्यहोरा आदेशानुसार सूचित गरिन्छ भनी स्पष्ट रुपमा उल्लेख गरिएको देखिन्छ । यदि दैनिक ज्यालादारीमा काम गर्न चित्त नबुझेको भए सोही बखत उजूर गर्नुपर्नेमा १६ वर्षपछि आएर असमान व्यवहार भयो भन्न विलम्बको सिद्धान्तले पनि निवेदकहरूलाई सहयोग गर्दैन भने अर्कोतर्फ ज्यालादारीमा काम गर्न मञ्जूर गरी काम गर्ने निवेदकहरूलाई ज्यालादारीमा काम गरेबापतको पारिश्रमिक लिइसकेपछि अन्य सुविधा पनि पाउनु पदर्छ भनी दावी लिनु विबन्धनको सिद्धान्त समेतको विपरीत हुने हुँदा लिखित जवाफ मगाई रहनु नपर्ने भै रिट खारेज हुने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

इति संवत् २०६६ साल मंसिर २५ गते रोज ५ शुभम्